**जाडोको समयमा चीसोबाट बचौं**

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चीसोमा मर्निङ वाक नगरौं,
- चीसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epratekdaily.com





निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com



❖ वर्ष ३६ ❖ २०७९ पुस १४ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 December 29 Thursday ❖ मूल्य ५/-❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १२१


### गहुँमा सिंचाइ गरेसँगै पर्सेली

## किसानहरु युरिया मलको अभाव झेल्दै

ओमप्रकाश चौधरी, सेढवा, १३ पुस/

पर्सेली किसानहरूले गहुँको बीउ छर्ने बेला डिएपी मलको अभाव झेले भने अहिले गहुँबालीकै लागि युरिया मलको



चिसोमा एकाबिहानैदेखि मल लिनको लागि लामबद्ध गाउँले । तस्वीरः प्रतीक

अभाव भएको छ । गहुँको बीउ छर्दा डिएपी, युरिया र पोटासको अभावको सामना गरी विभिन्न तरीकाबाट सो समस्याको समाधान गरेका किसानहरूले अहिले गहुँबालीका लागि युरिया मलको आवश्यकता परेको छ ।

गहुँको बीउ छरेको २१ दिनपछि सिंचाइ गर्ने र युरिया मल छर्ने गरिन्छ । अहिले युरिया मल नेपाली बजारमा अभाव भएकोले किसानलाई पुनः समस्या आइपरेको हो । पटेर्वासुगौली गाउँपालिका–२ मकवानीटोलका किसान बिगा महरा चमारले स्थानीय कृषि सहकारी संस्थामा युरिया मल कम आएकोले सबै किसानलाई उपलब्ध हुन नसकेको बताए । मल अभावलाई टार्नका लागि सीमावर्ती भारतीय बजार धाउन थालेका र त्यहाँ मल महँगो भएको उनले बताए । नेपाली किसानहरू सीमावर्ती भारतीय बजार इनर्वा, भङ्गाहातर्फ जान शुरू गरेको र त्यहाँ युरिया मल ४५ किलो (एक बोरा)को रु एक हजार एक सयमा पाइने गरेको र सो मल तस्करहरूले ल्याएर दूरी अनुसार एक हजार पाँच सयसम्ममा बिक्री गर्दै आएका छन् ।



मल लिएर फर्कदैं । तस्वीरः प्रतीक

तस्करहरूबाट ढुवानी भएर आएको मल दूरी अनुसार प्रतिबोरा एघार सयदेखि पन्ध्र सयसम्ममा खरीद भइरहेको सखुवाप्रसौनी गापा–१ का किसान पारस चौधरीले बताए । युरिया मल नेपाली बजारमा भने ५० किलो (एक बोरा)को रु एक हजारमा पाउँदै आएको चौधरीले बताए ।

जीराभवानी गापा–२ सेढवामा रहेको जय मारुतीनन्दन कृषि सहकारी संस्थाका अध्यक्ष सत्यनारायण साहले नेपाल सरकारको अनुदान रहेको युरिया मल वितरण भइरहेको बताए । उनले पर्याप्त मात्रामा युरिया मल नपाएकोले दैनिक ५०/६० जना किसान रित्तो हात फर्किरहेको बताए । उनले कृषि सामग्री संस्थानबाट मल प्राप्त भएपछि आफूले वितरण गर्दै आएको तर माग अनुसारको मल कम हुने गरेको बताए ।

**मल अभाव : युवाहरूको लागि रोजगार**

पर्सामा गहुँबालीका लागि युरिया मलको अभाव भएपछि अहिले जीराभवानी गापाका युवाहरूलाई कमाउने अवसर जुरेको छ । यहाँका केही युवाहरू अहिले भारतबाट मल ल्याउने कार्यमा खटिएका छन् । वडा नं १ पकडीटोला, जगतिया र वडा नं ५ सखुवनिया र हरैयाका एक दर्जन बढी युवाहरूको दैनिकी अहिले युरिया मल ढुवानी रहेको छ । उनीहरूले भारतीय सीमावर्ती गाउँ बलुवा, पकडीटोलाबाट युरिया मल ल्याउने र पटेर्वासुगौली गापा–१ रङ्गपुर, सखुवाप्रसौनी–१ को सिरही, सथवल, पर्सागढी नगरपालिकाको मनवा, बडनिहारलगायतका स्थानमा पुऱ्याउने गरेका छन् । मल ढुवानीमा सक्रिय जीराभवानी गापा–५ सखुवनियाका सञ्जयप्रसाद खवासले किसानले मल नपाउने अवस्था देखेर ढुवानीमा लागेको बताए । उनले यसो गर्दा किसानहरूलाई राहत मिलेको र आफूहरूले पनि केही रकम कमाउने गरेको बताए । उनले किसानलाई सीधा बिक्री गर्दा प्रतिबोरामा दुई सय मुनाफा पाउने गरेको बताए । उनले एकपटकमा तीनवटा बोरासम्म ल्याउने गरेको र किसानलाई मात्र बिक्री गर्दै आएको बताए । व्यापारीलाई बिक्री गर्दा किसानहरू थप आर्थिक भारमा पर्ने देखेर आफूले किसानलाई मात्र बिक्री गर्दै आएको उनले सफाइ दिए ।

## नेपाल राष्ट्र बैंकअगाडि वीरगंजका व्यापारीहरूको धर्ना

प्रस, वीरगंज, १३ पुस/

नेपाल राष्ट्र बैंकको चालू पूँजी कर्जा निर्देशिका तथा बैंकहरूको चर्को ब्याजदरका विरुद्ध आन्दोलनरत वीरगंज उद्योग वाणिज्य सङ्घको आह्वानमा बुधवार नेपाल राष्ट्र बैंक, वीरगंज शाखाअगाडि उद्योगी–व्यापारीहरूले धर्ना दिएर विरोध जनाएका छन् ।




तस्वीरः प्रतीक

नेपाल राष्ट्र बैंकको गलत आर्थिक नीतिले बजार, व्यवसाय तहसनहस भएको आरोप लगाउँदै सङ्घको अगुवाइमा आज आन्दोलनको चौथो दिन नेपाल राष्ट्र बैंकअगाडि उद्योगी–व्यवसायीहरूले धर्ना दिएका हुन् ।

चालू पूँजी कर्जा निर्देशिकाको विरोधमा नेपाल राष्ट्र बैंकअगाडि धर्ना दिएका उद्योगी–व्यापारीहरूले हातमा कालोपट्टी बाँधेर विरोध जनाएको उपाध्यक्ष हरिप्रसाद गौतमले बताए ।

वीरगंज उद्योग वाणिज्य सङ्घबाट निकालिएको विरोध ऱ्याली नगरपरिक्रमापछि राष्ट्र बैंकअगाडि पुगेर धर्नामा परिणत भएको थियो ।

धर्ना कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासङ्घ मधेस प्रदेश अध्यक्ष गणेश लाठले राष्ट्र बैंकको गलत मौद्रिक नीति र फितलो अनुगमनको कारण वाणिज्य बैंकहरूले बजारमा तरलताको अभाव देखाएर मनोमानी किसिमले ब्याजदरमा वृद्धि गरेको बताए । उनले विभिन्न नीतिगत जटिलताका विरोधमा आन्दोलन गर्नुपर्ने बाध्यता आएको प्रस्टयाए ।


धर्ना कार्यक्रममा वीउवासङ्घका पूर्वअध्यक्ष अशोककुमार टेमानी, सचिव आशिष लाठ, होटल व्यवसायी सङ्घका अध्यक्ष हरि पन्त, लुब्रिकेन्ट व्यवसायी सङ्घ, पर्साका अध्यक्ष विकाश ठाकुर, नेपाल औषधि व्यवसायी सङ्घ, पर्साका अध्यक्ष ताजुद्दीन अन्सारी, किराना व्यवसायी सङ्घका अध्यक्ष शङ्कर कुशवाहालगायतले शीघ्र चर्को ब्याजदर चालू पूँजी कर्जा निर्देशिकाको अव्यावहारिक र निजीक्षेत्रमैत्री नरहेका प्रावधान हटाउन माग गरे । उनीहरूले शान्तिपूर्ण विरोधलाई प्राथमिकताका साथ लिएर बैंक तथा वित्तीय संस्थाको चर्को ब्याजदर र राष्ट्र बैंकको अव्यावहारिक निर्देशिका तत्काल संशोधन गरेर उद्योग–व्यापारलाई राहत दिन माग गरे ।

शान्तिपूर्ण आन्दोलनको अवज्ञा गरिए सशक्त आन्दोलनमा जानुपर्ने बाध्यता आइपर्ने भन्दै सो अवस्था नआउन दिन पनि सचेत गरे । कार्यक्रमको सहजीकरण वीउवासङ्घका अधिकृत मनोज उपाध्यायले गरेका थिए ।

## हेल्थ डेक्स सञ्चालन, होल्डिङ सेन्टर सुनसानै

नवनिर्मित होल्डिङ सेन्टर र नेपाल आउनेहरू कोरोना जाँच गर्दै स्वास्थ्यकर्मी । तस्वीरः प्रतीक





नितेश कर्ण, वीरगंज, १३ पुस/

वीरगंज–रक्सौल सडकखण्ड अन्तर्गत शङ्कराचार्य द्वारमा बुधवारदेखि कोरोना चेकजाँच शुरू भएको छ । कोरोनाको कहर बढेसँगै चेकजाँच शुरू भएको हो ।

कोभिड–१९ सङ्कट व्यवस्थापन केन्द्रको पुस ११ गतेको बैठकले प्रवेशद्वारमा रहेको हेल्थ डेस्कबाट स्क्रिनिङ र एन्टिजेन परीक्षण अनिवार्य गर्ने निर्णय अनुसार आज बिहान ११ देखि भारतबाट आउने शङ्कास्पद व्यक्तिहरूलाई परीक्षण गर्न शुरु गरिएको छ । यसअघि यो हेल्थ डेस्कमा दुईजना कर्मचारी खट्दै आए पनि कोरोना परीक्षण भएको थिएन । आज बिहान १० बजेसम्म पनि दुईजना मात्र डयुटीमा थिए । त्यत्ति बेला परीक्षण शुरू नभएको बताइए पनि बिहान ११ बजेदेखि परीक्षण शुरू गरिएको र अहिले सो हेल्थ डेस्कमा दुईजना स्वास्थ्यकर्मी, एकजना सहायक अनि चारजना सुरक्षाकर्मीहरू तैनाथ गरिएका छन् । खासगरी बस र रेलमार्गबाट आउने झोलाझुम्टा बोकेर नेपाल प्रवेश गरिरहेका भारतीयहरूलाई लक्षित गरेर कोरोना परीक्षण शुरू गरिएको छ ।

**होल्डिङ सेन्टर सुनसान**

कोरोनाको नयाँ भेरियन्ट बिएफ–७ भारतमा देखिएपछि सीमानाकामा सतर्कता अपनाउँदै हेल्थ डेस्कमा परीक्षण शुरू भएपनि वीरगंज भन्सारको यार्डमा तयार गरिएको एक हजार शय्याको होल्डिङ सेन्टर भने सुनसान छ । कोरोना कहर बढेपछि सो स्थानमा होल्डिङ सेन्टर निर्माण गरिएको थियो । तर निर्माण कार्य सम्पन्न भएर हस्तान्तरण भएपछि कोरोना कहर कमजोर भएकोले अहिलेसम्म होल्डिङ सेन्टर सञ्चालनमा आउन नसकेको हो ।

## विद्यार्थी हत्यामा सामेल दुईजना शिक्षक पक्राउ

प्रस, वीरगंज, १३ पुस/

विद्यार्थीलाई अपहरण गरी हत्या गरेको कसूरमा संलग्न दुईजना शिक्षकलाई जिल्ला प्रहरी कार्यालय, पर्साले पत्रकार सम्मेलनमार्फत बुधवार सार्वजनिक गरेको छ ।

जिप्रका, पर्साले पत्रकार सम्मेलन गरी वीरगंज महानगर–२५, खाल्वाटोला श्रीसिया बस्ने श्रीराम पासवानका १४ वर्षीय छोरा नीरज पासवानको अपहरणपछि हत्या गरेको कसूरमा मृतक पासवान अध्ययनरत गुरुकुल पन्ना मेमोरियल इङ्ग्लिश बोर्डिङ स्कूल, अलौंका शिक्षकद्वय दिलीपकुमार पटेल र कृष्णा भन्ने श्यामप्रसाद यादवलाई सार्वजनिक गरेको हो ।

धोबिनी गाउँपालिका–१ घोडदौडपिप्रा निवासी ३० वर्षीय शिक्षक पटेल सोही विद्यालयमा अध्यापन गराउने र मृतक पासवानलाई घरमा टयुशन पढाउने गर्थे । यसैगरी, अर्का शिक्षक वीरगंज महानगर–१७ अलौं निवासी २४ वर्षीय यादवले अपहरण, फिरौती माग र हत्यामा सहयोगी भूमिका खेलेको प्रहरीको आरोप छ ।

यो अपहरण, फिरौती माग र हत्यामा तीनजना संलग्न रहेको अहिलेसम्मको अनुसन्धानबाट खुलेको र दुईजनालाई पक्राउ गर्न सफल भएको प्रहरी उपरीक्षक कोमल शाहले बताए ।

उनले अपहरण गरिएको दिन मङ्सिर ५ गते नै बालक पासवानको हत्या गरिएको बताए । अपहरण गरेर हात, खुट्टा र मुख बाँधेर राखिएको तर बालकले सबै कुरा खोलेर भाग्न खोज्दा पहिचान सार्वजनिक हुने भयले बालकको हत्या गरिएको प्रउ शाहले जानकारी गराए । उनले बालक अपहरणबारेमा प्रहरीलाई एक दिनपछि घरपरिवारले सूचना गरेको बताए ।

यसैगरी, घटनाको १२ दिनपछि अपहरणकर्ताले मोबाइलबाट पचास लाख



पक्राउ परेका दुवैजना शिक्षक ।
तस्वीर सौजन्यः जिप्रका, पर्सा

फिरौती माग गरेको र सोबारेमा पनि परिवारले एक सातापछि मात्र प्रहरीलाई सूचना दिएको बताए । घटनाकै दिन हत्या गरिएको र सोको लामो समयपछि बालकका पिता श्रीराम महरा दुसादसँग फिरौती माग गरिएकोमा प्रहरीले आफ्नो संयन्त्र परिचालन गरी घटनाको वास्तविकता पत्ता लगाएको, बालकको शव बरामद गरेको र अभियुक्त तीनजनामध्ये दुईजनालाई पक्राउ गर्न सफल भएको बताए ।

उनले अभियुक्तहरूबाट बालकको हत्या भएको स्वीकारसहित शव गाडिएको स्थानको पहिचान भएको र पुस १० गते साँझ ५ बजे बालक अध्ययनरत विद्यालयको पुरानो भवननजीकैको सेप्टिक टयाङ्कबाट शव बरामद भएको बताए ।

प्रउ शाहले अभियुक्तद्वयविरुद्ध अपहरण, शरीर बन्धक र कर्तव्य ज्यान मुद्दा चलाइएको र अदालतबाट म्याद थप गरी थप अनुसन्धान भइरहेको बताए । घटनामा संलग्न थप एकजनाको खोजतलाश भइरहेको उनले बताए ।

### विद्यार्थी र अभिभावकहरूमा सन्त्रास

१४ वर्षीय बालक नीरज पासवानको अपहरणपछि हत्याको घटना सार्वजनिक भएपछि विद्यार्थी र अभिभावकहरूमा त्रासको वातावरण सिर्जना भएको छ । मृतक बालक अध्ययनरत विद्यालयमा र ट्युशन पनि पढाउने शिक्षकले नै घटना घटाएको कुरा बाहिरिएसँगै शिक्षकहरूसँग विद्यार्थीहरू डराउन थालेका छन् भने अभिभावकहरू आफ्नो बालबालिकाको सुरक्षालाई लिएर चिन्तित भएका छन् ।

अहिले यो घटनापछि अभिभावकहरू बालबालिकाहरूलाई विद्यालय छाड्ने र लिएर आउने कुरामा बढी सजगता अपनाउन थालेको एकजना अभिभावकले बताए । विद्यालयको मात्र भर पर्दा बालबालिकाको सुरक्षामाथि खतरा उत्पन्न हुन सक्ने देखेर अभिभावकहरू सचेत भएका हुन् । यसैगरी, घरमा ट्युशन पढाउने शिक्षकहरूमाथि पनि अहिले शङ्काको वातावरण बढेको छ ।

## विचारसार एवं सूक्तिहरू

**समयको गति**–प्रतीक्षा गर्नेका लागि सुस्त, डरछेरुवाहरूका लागि तीव्र, दु:खीहरूका लागि लामो हुन्छ, आनन्दित रहनेहरूका लागि अति छोटो र जसले प्रेम गर्दछ उसका लागि अनन्त हुन्छ।


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## देउवामाथि नैतिक सङ्कट

**नेपाली काङ्ग्रेस सत्तामा पुग्न नसकेपछि सो पार्टीका केन्द्रीय सभापति शेरबहादुर देउवामाथि नैतिक सङ्कट आइपरेको छ। यतिबेला आफ्नै पार्टीका नेता, कार्यकर्ताहरूले देउवाविरुद्ध विषवमन गरिरहेका छन् । सङ्घीय संसद्मा नेकाका सांसद सङ्ख्या सबैभन्दा बढी र सो पार्टी नेतृत्वको गठबन्धनले झन्डै बहुमत ल्याउँदा सत्ताको तालाचाबी हात पर्नेमा केन्द्रीय नेतादेखि तल्लो तहका कार्यकर्तासमेत ढुक्क थिए । चुनाव जितेका नेताहरू धेरैजसोले मन्त्रीको सपना देखे भने राष्ट्रपति, सभामुख, मुख्यमन्त्री, प्रदेशप्रमुख बन्न चाहनेलगायत अरूले पनि आफ्नो पहुँच र क्षमता अनुसारका सपनाहरू बुन्दै थिए। 'दहीवाली र कुखुराको चल्ला' कथाझैं दही नै घोप्टिन पुगेपछि सबैका सपनाहरू चकनाचुर भएका छन्। दुर्घटनापछि तिल्मिलाएका नेता, कार्यकर्ताहरू यसको सारा दोष, पार्टीका चालक देउवा माथि खन्याइरहेका छन् । नेका यसै पनि गुट, उपगुट धेरै भएको पार्टी हो। 'के निहुँ पाउँ र कनिका बुकाउँ' भन्दै एक अर्काप्रति निसाना साँध्ने धेरै छन् । युवा पङ्क्तिका केही नेताले सभापति र संसदीय दलको नेताबाट समेत देउवाको राजीनामा माग गरेका छन् ।**

**तत्कालीन नेकपा सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिएपछि काङ्ग्रेस सत्तामा जान हुने र नहुने कुरामा विवाद थियो । शुरूमा देउवाइत्तर पक्षले सरकारमा जान नहुने बताए पनि पछि सरकारमा जान देउवालाई सुझाएका थिए । त्यसमा देउवाको भने कुनै जिद्दी थिएन। त्यसैगरी, सङ्घीयसभा र प्रदेशसभाको चुनावमा गठबन्धन गरेर जाने कि एक्लै जाने भन्नेमा रस्साकस्सी चल्यो। यसमा एक मत हुन नसक्दा गठबन्धनबाटै जानुपर्ने प्रधानमन्त्रीसमेत रहेका पार्टी सभापति देउवाको अडान रह्यो । सोही अडानका कारण माओवादी र नेकपा (एस)सहित पाँच दलीय गठबन्धन बोकेर काङ्ग्रेस चुनावमा होमियो। जेसुकै भएपनि मतपरिणाम हेर्दा देउवा नेतृत्वलाई सो पार्टीले 'धन्यवाद' भनेकै हो । हजारभन्दा कम अन्तरले चुनाव जितेका क्षेत्रहरूमा यदि गठबन्धन नरहेको भए काङ्ग्रेसको हातबाट गुम्ने रहेछ भन्ने लाग्यो। सोही बुझाइका कारण प्रतिनिधिसभा संसदीय दलको नेता चयन गर्दा देउवालाई अत्यधिक बहुमत प्राप्त भएको हो।**

**अब अहिले आएर यी सारा कुराहरूको अर्थ उल्टो लगाउन थालिएका छन् । थोरै अवधिको लागि चुनावी सरकारमा जाँदा नेकाको लोकप्रियता घटेकोले चुनावमा अपेक्षित सिट प्राप्त नभएको, गठबन्धनको कारण समानुपातिक मतमा एमालेसँग पछि परेको, काङ्ग्रेसले जित्न सक्ने सिटहरूमा माओवादी र समाजवादीलाई जिताउनुपरेको, नेकाको मतदाता रिसाउँदा राष्ट्रिय स्वतन्त्र पार्टीलाई फाइदा पुगेको, चुनावी गठबन्धन नेकाको लागि घातक साबित भएको भन्दै यसको दोष देउवामाथि लगाइएका छन्। त्यसैगरी, सरकार गठनमा देउवाको पद लोलुपताका कारण हातमा आएको अवसर गुमेको आरोप छ। होइन भन्ने ठाउँ छैन। घटनाक्रमले त्यही पुष्टि हुँदैछ। यतिबेला देउवा पक्षका केही नेताहरूसमेत विपक्षमा उभिएकाले उनलाई अप्ठ्यारो देखिन्छ। तर यो वैधानिक वा कानूनी सङ्कट नभई नैतिक सङ्कट हो। पार्टी पङ्क्ति यतिधेरै निराश हुनुमा नैतिक जिम्मेवारी देउवाले लिनै पर्छ। राष्ट्रिय राजनीतिक वृत्तमा के भइरहेको छ भन्नेसमेत उनले भेउ पाउन सकेनन् । यसको मतलब उनको मात्रै दोष चाहिं होइन। गठबन्धनबाटै प्रचण्ड प्रधानमन्त्री बन्दा पद विभाजनको क्रममा आफ्नो फाइदा देख्ने नेताहरूको पनि दोष कम छैन।**

# कोभिडविरुद्ध भारतको तयारी र हाम्रो सचेतना

स्वतन्त्र विचार



सञ्जय साह मित्र

mitrasanjay41@gmail.com

**आम नागरिक जति सचेत हुन्छ, कोरोनाको प्रभाव त्यत्ति नै कम हुन्छ। सबैको सचेतनाले सबै क्षेत्रलाई चुस्त र दुरुस्त राख्छ। सबै बहाना आफ्नो ठाउँमा होला तर यदि कोरोनाको सङ्क्रमण फैलियो भने, फेरि देशको सबै क्षेत्रमा थप नकारात्मक प्रभाव देखिन बेर लाग्दैन।**

अहिले जाडो बढेको छ। गत वर्ष र त्यसभन्दा पहिलेको जाडोको मौसममा पनि कोरोनाको डर निकै थियो । गत वर्ष पनि करीब एक महीना विद्यालयहरू बन्द भएका थिए । कोरोनाको त्रास फैलिएको थियो तर हाम्रो सचेतना तथा धेरै मानिसले खोप लगाइसकेको कारण कोरोनाले त्यसभन्दा अघिल्लो वर्षको जति त्रास फैलाउन पाएन। बिस्तारै कोरोनाको प्रभाव कम हुँदै गयो र जनजीवन सामान्य बन्यो । साँच्ची केही महीनादेखि देशको कुनै पनि क्षेत्रमा जाँदा कोरोनाले असर गरेको देखिएन। यस अर्थमा कोरोनाको प्रभाव देखिएको थिएन कि यसको चर्चा नै कतै भइरहेको थिएन। कतै कोरोनाको डर थिएन। कोरोनाको केस मुश्किलले कतैकतै फेला परेको समाचार आउँथ्यो तर यसलाई सबैले सामान्यरूपमा लिएका थिए। यसबाट समाज कोरोनाका साथ बाँच्न सिक्यो भन्ने विश्लेषण पनि गरिन थालिएको थियो। अब कोरोनाले खासै प्रभाव पार्न सक्दैन भन्ने लाग्न थालिसकेको थियो । मानिसमा कोरोनाको डर कम हुन थालेको थियो तर पछिल्लो चरणमा फेरि कोरोनाले विश्वका कतिपय देशमा निकै प्रभाव पारिरहेका समाचारहरू आउन थालेका छन् ।

भारतीय मिडियाहरूले अहिले चीनमा निकै धेरै सङ्ख्यामा दैनिक मानिस बिरामी भइरहेका समाचार प्रसारण गरिरहेका छन्। समाचार प्रसारण मात्र नभएर विभिन्न भिडियो पनि देखाउँदा डरलाग्दो दृश्य देखिएका छन्। चीनका साथै अन्य केही देशमा पनि कोरोना महामारीको रूपमा विस्तार भइरहेको देखिएको छ। अहिले त विश्व स्वास्थ्य सङ्गठनले पनि चेतावनी दिइसकेको कुरो आइरहेको छ । पहिलोपटक चीनमैं कोरोना भाइरस देखिएको थियो भनिन्छ। अहिले फेरि चीनमैं यसले महामारीको रूप लिइरहेको छ। अहिलेको महामारी विगतको महामारीभन्दा पनि ठूलो रहेको बताइएको छ । चीनमा फैलिएको महामारी चीनमा मात्र सीमित नरही नयाँ भेरिएन्टको फैलाव अन्य देशमा पनि भइसकेको र बिस्तारै यसले भारतमा सङ्क्रमण देखाइसकेको छ। भारतका कतिपय शहरमा एक्कादुक्का नयाँ भेरिएन्टको सङ्क्रमण देखिन थालिसकेको अवस्थामा भारतले कोरोनाविरुद्ध सबैलाई सचेत रहन विभिन्न माध्यमले सन्देश जारी गरिरहेको छ। बिस्तारै सचेतनाका विभिन्न पाइला भारतले चालिरहेको छ। अस्पतालदेखि हवाई अड्डासम्म परीक्षणको कामलाई विस्तार गरिएको छ। कतिपय प्रदेशको सरकारले पनि कोरोनाविरुद्ध लड्न तयारी थालिसकेको छ। विभिन्न राज्यका स्वास्थ्यमन्त्रीहरूसित केन्द्र सरकारले निरन्तर संवाद गरिरहेको छ र स्वास्थ्य सचेतना तथा तयारीबारे विभिन्न छलफल भइरहेको छ । हरेकजसो भारतीय सञ्चार माध्यमले कोरोना प्रतिकार गर्ने तयारीबारे विभिन्न कोणले समाचारहरू प्रकाशन र प्रसारण गरिरहँदा पाठक, दर्शक तथा श्रोताले यस विषयमा सचेतना पनि प्राप्त गरिरहेका छन् । कोरोनाको गम्भीर सङ्कटकालमा भोगेका पीडाहरू सम्झँदै अब फेरि त्यस्तो भोग्न नपरोस् भनेर सचेत हुन स्वप्रेरित हुनुपर्ने सन्देश पनि ग्रहण गरिरहेका छन् ।

अहिले नै डराउनुपर्ने बेला भइसकेको छैन। र डर फैलाउनुभन्दा बढी चेतना फैलाउनु राम्रो हुन्छ। डराउनुभन्दा सचेत हुनु राम्रो हो । अहिले नै छिमेकी बस्तीहरूमा पुग्दा भारतमा कुनै ठूलो त्रास छ वा धेरै सचेत भइसकेका छन् भन्ने लाग्दैन । ग्रामीण क्षेत्र वा बजारमा हामीजस्तै सामान्य गतिविधि नै रहेको छ तर राज्यले गर्नुपर्ने तयारी र मिडियाको कभरेज भने निकै ठूलो रहेको देखिन्छ । सबैले बुझेको कुरो हो मिडियाको निरन्तरको कभरेजले, मुख्य गरी शहरी क्षेत्र, बढी सचेत बन्ने रहेछ। जब शहरी क्षेत्र सचेत बन्दछ तब यसको अनुकरण ग्रामीण क्षेत्रमा पनि हुन्छ । यति हुँदाहुँदै पनि धेरैले लापरवाही गर्ने गरेको हामीले देखे वा बुझेका छौं । यस्तो अवस्थामा सरकारले बल प्रयोग गर्दछ । सरकारले बल प्रयोग गर्दछ भन्नुको अर्थ यो पनि हो कि लकडाउन लगाउँछ, स्थानीय स्तरमा पनि कडाइका अन्य उपाय अवलम्बन गर्छ । सामान्य जनसमेत आफ्नै अग्रसरतामा आफ्नो गाउँमा कोही प्रवेश नगरोस् भनेर गाउँका मुख्य बाटाहरू बन्दसम्म गर्न थाल्दछन्। यसकारण सरकारको निर्देशन पालन गर्नु निकै ठूलो कुरो रहेछ। सरकारले आम नागरिकलाई सुरक्षित राख्न धेरै किसिमका तयारीहरू गर्नुपर्ने हुन्छ र उपायहरू अवलम्बन गर्नुपर्ने हुन्छ। सबै असल काम आफूले गरेको र सबै नचाहिने काम सरकारले गरेको भन्ने हुँदैन । कतिपय अवस्थामा राज्यले दिएका निर्देशन पालन नगर्दा नागरिक नै बढी घाटामा पर्ने हुन्छन्।

जसले जेसुकै भने पनि अहिलेसम्म अर्थतन्त्रमा भने कोरोनाको प्रभाव रहेकै छ। सामान्य व्यवसायी पनि कोरोनाको कारण व्यवसाय अझै फस्टाउन नसकेको बताउँछन्। होटलमा पनि यो कुरा सजिलै सुन्न पाइन्छ कि मानिस आजभोलि पहिलेजस्तो खान आउँदैनन्, पेयको माग पनि घटेको छ। लगानी बमोजिम व्यापार नहुँदा वास्तवमा घाटा भइरहेको छ । आज घाटामा छ तर भोलि नाफामा होला भन्दाभन्दै दुईतीन वर्ष भइसक्यो। आर्थिक क्षेत्रमा परेको प्रभावले गर्दा समाजमा पनि रकमको अभाव देखिएको छ । रकम अभावले गर्दा दैनिक व्यवहारमा पनि प्रभाव परेको छ । बिहेबारीमा पनि यसको प्रभाव देखिइरहेको छ । साहुले ऋण दिन मानिरहेको छैन तथा विभिन्न शर्तमा दिइरहेको अवस्था छ। कोही पनि साहु आफूसित पैसा भएको बताइरहेका छैनन् र यदि जेनतेन पैसा दिने मनसाय बनाउँदा पनि कस्तो चाहना राख्दछन् भने फिर्ता आउने दोहोरो ग्यारेन्टी होओस्। यसको लागि कमसेकम दुईजनालाई साक्षी राखी जति पैसा दिन्छन्, त्यत्ति बराबरभन्दा दोब्बर खेत नाउँमा पास गराउँछन् अर्थात् खेत किनबेचको सम्पूर्ण कागजी कानूनी प्रक्रिया पूरा गर्दछन् जसले गर्दा भोलिको दिनमा कुनै झमेला भएमा त्यही जमीन बेचेर पैसा फिर्ता लिन सकियोस् र जमीन बेच्नुपर्दा पनि आफ्नो घरको पैसा नलागोस्। यसरी जमीन पास गर्दा जसले ऋण लिएको हुन्छ, जमीन पास गर्दा लिने र दिने दुवैतिरको सम्पूर्ण कर उनैले बेहोर्नुपर्छ । विगत दुई वर्षमा कोरोनाले गरेको प्रहारबाट करीब सबै क्षेत्र प्रभावित भएको देखिएको छ ।

अहिले फेरि कोरोनाले चीनमा निकै तीव्र गतिमा प्रभाव पारेको विभिन्न मिडियाले जनाइरहँदा र भारतले कोरोनाबाट बच्न व्यापक स्तरमा तयारी गरिरहँदा यी दुई देशबीच रहेको नेपालका बुद्धिजीवीहरूले पनि यसबारे अब खुलेर सचेतनाका काम गर्नुपर्ने गरी अग्रसरता लिनुपरेको छ । नेपालमा पनि सरकारले आन्तरिक तयारी गरिरहेको कुरो सार्वजनिक भइरहेको छ। गृह मन्त्रालय तथा स्वास्थ्य मन्त्रालयबाट तयारीसम्बन्धी विज्ञप्तिहरू आइरहेका छन् । यो निकै सकारात्मक कुरो हो । अब आम नागरिकलाई पनि यसबाट सचेत पार्नु उचित हुन्छ। आम नागरिक जति सचेत हुन्छ, कोरोनाको प्रभाव त्यत्ति नै कम हुन्छ । सबैको सचेतनाले सबै क्षेत्रलाई चुस्त र दुरुस्त राख्छ। सबै बहाना आफ्नो ठाउँमा होला तर यदि कोरोनाको सङ्क्रमण फैलियो भने, फेरि देशको सबै क्षेत्रमा थप नकारात्मक प्रभाव देखिन बेर लाग्दैन। यसर्थ सबैभन्दा महत्त्वपूर्ण उपाय भनेकै सचेतना हो। सबै किसिमले सचेत भएर काम गर्नु जरूरी छ। अहिले हामी डराउनुपर्ने अवस्थामा छैनौं र सचेत भएर काम गर्दैगर्दा डराउनुपर्ने अवस्था नआउन पनि सक्छ । सचेतनाका सबै उपाय अवलम्बन गरिनु अहिलेको आवश्यकता देखिएको छ।

# नीति कार्यक्रम र सरकारको प्रभावकारिताका विषयमा छलफल

काठमाडौं, १३ पुस/रासस

प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीबीच सरकारले लिने नीति कार्यक्रम र सरकार सञ्चालनका बारेमा छलफल भएको छ।



तस्वीरः रासस

प्रधानमन्त्रीको निजी निवास खुमलटारमा आज भएको भेटवार्तामा उनीहरूबीच सरकारको मूल नीति कार्यक्रम र कामकारबाहीलाई प्रभावकारी बनाउने विषयमा छलफल भएको अध्यक्ष दाहालका स्वकीय सचिव रमेश मल्लले जानकारी दिए । "उहाँहरूबीच सरकारलाई प्रभावकारी बनाउने विषयमा वृहत् छलफल भयो," उनले भने ।

दाहाल नेतृत्वको मन्त्रिपरिषद्को पहिलो बैठकले गरेका निर्णयका बारेमा समेत उनीहरूबीच छलफल भएको मल्लले जानकारी दिए । "सुशासन र सेवाप्रवाहलाई प्रभावकारी बनाउने सरकारको निर्णयलाई कार्यान्वयन तहमा लैजाने विषयमा कुराकानी भयो," उनले भने ।

बिहीवार प्रधानमन्त्री निवास बालुवाटारमा दुई नेताबीच थप छलफल हुने स्वकीय सचिव मल्लले जानकारी दिए । सो बैठकमा सत्ता साझेदार दलहरूको शीर्ष नेता सहभागी हुने उनको भनाइ छ । सरकार विस्तार, प्रदेश सरकारको बाँडफाँडका बारेमा आजको बैठकमा अनौपचारिक छलफल भएपनि त्यसले भोलि औपचारिकता पाउने उनले जानकारी दिए ।

प्रधानमन्त्री दाहालले आजै पूर्वप्रधानमन्त्री माधवकुमार नेपालसँग पनि परामर्श गरेको जानकारी दिँदै उनले सो क्रममा सरकारलाई समर्थन र सहभागिताका लागि आग्रह गरेको जानकारी दिए ।

# बोक्सीको आरोप लगाउने एकै परिवारका पाँचजनालाई कैद

सप्तरी, १३ पुस/रासस

बोक्सी भन्दै गालीगलौज र कुटपिट गरेको अभियोगमा सप्तरीका एकै परिवारका पाँचजनालाई आज कैद र जरिवानाको सजाय भएको छ। बोक्सी भन्दै एक २७ वर्षीया महिलालाई अमानवीय व्यवहार गर्ने सप्तरीको अग्निसाइर कृष्णसवरन गाउँपालिका–२ का ५० वर्षीय रामदेव चौधरी, उनकी पत्नी ४० वर्षीया सुनीतादेवी, छोरा २३ वर्षीय प्रकाश, बुहारी २२ वर्षीया बबिता र रामदेवका भाइबुहारी ४० वर्षीया श्रीकुमारीलाई जिल्ला अदालतले जनही

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# मधेस प्रदेशमा दलको नेता छान्न सकस

जनकपुरधाम, १३ पुस/रासस

संसदीय दलको नेता बन्न आकाङ्क्षी बढी भएपछि राजनीतिक दलका नेताहरूलाई मधेस प्रदेशसभामा संसदीय दलको नेता चयन गर्न सकस भएको छ।

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न भएको करीब डेढ महीना बित्न लाग्दा मधेस प्रदेशसभामा प्रतिनिधित्व गर्ने कुनै पनि राजनीतिक दलले आफ्नो संसदीय दलको नेता चयन गर्न सकेका छैनन्।

मधेस प्रदेशसभामा नयाँ र पुराना गरी विभिन्न १० राजनीतिक दलको प्रतिनिधित्व छ। संसदीय दलको नेता बन्न थुप्रै आकाङ्क्षी भएकाले संसदीय दलको नेता छान्न समस्या भएको नेताहरूले बताए। मधेस प्रदेशसभाको सबैभन्दा ठूलो दल नेकपा (एमाले)मा आकाङ्क्षी बढेकाले दलको नेता छनोट गर्न समस्या भएको नेताहरूले जानकारी दिए।

एमालेका नेता तथा प्रदेशसभा सदस्य राजकुमार लेखीले पार्टीभित्र तीन/चारजना आकाङ्क्षी भएकाले दलको नेता कसलाई बनाउनेमा सहमति हुन नसकेको बताए। उनले अबको एक/दुई दिनभित्रै संसदीय दलको नेता छान्ने गरी पार्टीमा गृहकार्य भइरहेको बताए।

कुल १०७ सदस्यीय मधेस प्रदेशसभामा २३ सिट जितेर पहिलो पार्टी बनेको एमालेमा संसदीय दलको नेता बन्न नेता लेखीसहित रामचन्द्र मण्डल, सरोजकुमार यादवलगायत आकाङ्क्षी छन्। सहमतिमा संसदीय दलको नेता छान्न सकस भएपछि नेपाली काङ्ग्रेसले निर्वाचन प्रक्रिया थालेको छ।

निर्वाचन प्रक्रियाबाट दलको नेता छान्न नेपाली काङ्ग्रेसले मधेस प्रदेशका पार्टी उपसभापति चन्द्रशेखर यादवको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति गठन गरेको छ। काङ्ग्रेस प्रदेश समितिको जनकपुरधाममा बसेको बैठकले उपसभापति यादवको संयोजकत्वमा प्रदेश समितिका महामन्त्री बृहस्पतिकृष्ण श्रेष्ठ र सहमहामन्त्री बिन्दुकुमारी यादव सदस्य रहने गरी तीन सदस्यीय निर्वाचन समिति गठन गरेको छ।

काङ्ग्रेसको प्रदेश संसदीय दलको विधानको धारा ५ को ३ अनुसार गठन भएको निर्वाचन समितिले संसदीय दलको नेता छान्ने प्रक्रिया शुरु गरेको काङ्ग्रेस मधेस प्रदेशका सभापति कृष्णकुमार यादवले जानकारी दिए।

निर्वाचन समितिले सर्वसम्मतिबाट दलको नेता चयन पहल थालेको र सहमति नभए अन्तिममा निर्वाचन प्रक्रियाबाटै चयन गर्ने अध्यक्ष यादवको भनाइ छ। संसदीय दलको नेताका लागि काङ्ग्रेस मधेस प्रदेश समिति सभापति कृष्णकुमार, यादव, सिंह र जनार्दनसिंह क्षत्री आकाङ्क्षी छन्।



तस्वीरः फाइल

मधेस प्रदेशसभाका १६ सिटसहित तेस्रो ठूलो दल बनेको जनता समाजवादी पार्टी (जसपा)लाई संसदीय दलको नेता चयन गर्न अप्ठेरो भएको छ। केन्द्रीय समीकरण अनुसार मधेस प्रदेशको मुख्यमन्त्री पाउने सम्भावना रहेको जसपाभित्र संसदीय दलको नेता बन्न निकै दौडधूप भएको छ।

“अहिलेसम्म दलको नेता चयन गर्ने प्रक्रिया शुरू भइसकेको छैन,” जसपाका नेता तथा प्रदेशसभा सदस्य रामअशिष यादवले भने, “अहिलेसम्म दलको नेता छान्ने कुनै प्रक्रिया शुरू भइसकेको छैन, कुराकानी जारी रहेकाले हेरौं एक/दुई दिनमा हुन्छ।” बिहीवार विजयीहरूका लागि सम्मान कार्यक्रम रहेको र त्यसमा पनि संसदीय दलको नेता छान्ने कुरा उठ्न सक्ने उनको भनाइ छ।

जसपामा संसदीय दलको नेता बन्न मधेस प्रदेशका वर्तमान मुख्यमन्त्री लालबाबु राउत, सरोजकुमार यादव, रामअशिष यादव, मनीषकुमार सुमनलगायतका नेता आकाङ्क्षी देखिएका छन्।

नेकपा (माओवादी केन्द्र) र नेकपा (एकीकृत समाजवादी)ले शपथपछि मधेस प्रदेशसभामा संसदीय दलको नेता चयन गर्ने भएको छ। मधेस प्रदेशसभा सचिवालयले यही पुस १५ गते अपराह्न २ बजे शपथ कार्यक्रम तय गरेको छ। नेपालको संविधानको धारा १८२ को उपधारा (५), प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ७५ बमोजिम प्रदेशसभाको अध्यक्षता गर्ने ज्येष्ठ सदस्य गोविन्दबहादुर न्यौपानेले प्रदेशसभा सदस्यलाई शपथ गराउने तय भएको प्रदेशसभा सचिवालयका सचिव रञ्जीतकुमार यादवले जानकारी दिए।

माओवादी केन्द्रका नेता एवं मधेस प्रदेश सरकारका गृह तथा सञ्चारमन्त्री भरतप्रसाद साहले शपथपश्चात् शनिवार वा आइतवार संसदीय दलको नेता चयन गरिने जानकारी दिए। “संसदीय दलको नेता चयनका लागि अहिलेसम्म मिति र समय तय भइसकेको छैन,” माओवादी केन्द्रका निवर्तमान संसदीय दलका नेतासमेत रहेका साहले भने, “शपथग्रहण सकिएपछि हामी संसदीय दलको नेता चयन गर्छौं।”

पार्टीभित्र संसदीय दलको नेता बन्न खासै कुनै विवाद वा धेरै आकाङ्क्षी नरहेकाले सहमतिमै दलको नेता चयन हुने उनको भनाइ छ। प्रदेशसभामा माओवादी केन्द्र आठ सिट जितेर छैटौं दल बनेको छ। यस्तै, प्रदेशसभामा सात सिट जितेर सातौं दल बनेको एकीकृत समाजवादीले पनि प्रदेशसभाको शपथपछि मात्र संसदीय दलको नेता चयन गर्ने जनाएको छ।

सो पार्टीका नेता तथा प्रदेशसभाका ज्येष्ठ सदस्य न्यौपानेले शुक्रवारको शपथपश्चात् पार्टी संसदीय दलको नेता तय हुने जानकारी दिए।

प्रत्यक्षतर्फ ६४ र समानुपातिकतर्फ ४३ गरी कुल १०७ सिट रहेको मधेस प्रदेशसभामा एमाले २३, काङ्ग्रेस २२, जनता जसपा १६, जनमत पार्टी १३, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नौ, माओवादी केन्द्र आठ र एकीकृत समाजवादी सात तथा राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल सङ्घीय समाजवादी र नागरिक उन्मुक्ति पार्टीको एक/एक सिट छ। प्रत्यक्षमा छजना स्वतन्त्र उम्मेदवार पनि जितेका छन्।

## निर्वाचन आयोगद्वारा निर्वाचनको समीक्षा

काठमाडौं, १३ पुस/रासस



तस्वीरः फाइल

निर्वाचन आयोगले गत मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनको समीक्षाका कार्यक्रम शुरू गरेको छ। आयोगले प्रदेश र जिल्लास्तरमा समीक्षा कार्यक्रम सञ्चालनको तयारीका लागि प्रारम्भिक समीक्षाका लागि आज र भोलि भक्तपुरको नगरकोटमा कार्यक्रम सञ्चालन गरेको छ। कार्यक्रमको उद्घाटन सत्रमा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचनका सबल र दुर्बल पक्षको समीक्षा गरेर निर्वाचनपश्चात्को अवधिमा आयोगले गर्नुपर्ने कानूनी र नीतिगत सुधारका साथै अन्य कामको खाका कोर्नुपर्ने जनाए।

“विगतका निर्वाचनको समीक्षामा आएका निष्कर्षलाई कति कार्यान्वयन गर्न सकियो? त्यसको पनि चिरफार गरेर भावी निर्वाचनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन लागौं।” उनले भने, “निर्वाचन चक्रका हिसाबले आगामी आवधिक निर्वाचन आउन पाँच वर्ष बाँकी रहँदा अहिले निर्वाचन अगाडिको अवधि हो। निर्वाचनको मिति घोषणा भइसकेपछि हामीलाई अस्तव्यस्त र त्रस्त अवधि अनुभव हुने गरेको छ। त्यसैले निर्वाचनपछिको अवधिमा पनि काम गरेर निर्वाचनको व्यवस्थापन र स्वच्छतामा योगदान पुग्नेछ।”

उनले निर्वाचनको मिति निर्धारणको अन्योल र जनप्रतिनिधिको पदावधि र निर्वाचनका चरणबारे आयोगले निर्णय गरेर एक प्रकारको थिति बसाउन खोजे पनि यस्ता विषयलाई कानूनमै स्पष्ट पार्नुपर्नेमा जोड दिए।

यस्तै एउटा दलको व्यक्ति त्यो दलको जिम्मेवारीमा रहेकै बेला अर्को दलको समानुपातिकको उम्मेदवार हुन पाउने नपाउने? लैङ्गिकता र समावेशितालाई संविधानको मर्म अनुसार कसरी पालना गराउने? उम्मेदवारको योग्यतामा उठेका विवादलाई कसरी कानूनी निरूपण गर्ने जस्ता विषयमा समीक्षा गर्न प्रमुख आयुक्त थपलियाले आग्रह गरे।

प्रारम्भिक समीक्षा कार्यक्रममा निर्वाचन आयुक्तहरू, आयोगका सचिव, महाशाखा र शाखा प्रमुखहरूसहितको सहभागिता रहेको आयोगका उपसचिव कमल भट्टराईले जानकारी दिए।

## जसपाको संसदीय दलको नेतामा रामसहायप्रसाद निर्वाचित

काठमाडौं, १३ पुस/रासस

जनता समाजवादी पार्टी (जसपा) नेपालको संसदीय दलको नेतामा रामसहायप्रसाद यादव निर्विरोध निर्वाचित भएका छन्।

संसदीय दलको नेतामा यादव निर्विरोध निर्वाचित भएको जसपाका प्रवक्ता मनीष सुमनले जानकारी दिए। संसदीय दलको नेता चयनका लागि यादवको मात्र मनोनयन दर्ता भएकोले निर्वाचन समितिले यादवलाई नै दलको नेतामा निर्विरोध निर्वाचित घोषणा गरेको हो।

यादव बारा निर्वाचन क्षेत्र नं २ बाट निर्वाचित सांसद हुन्। जसपाको संसदीय दलको नेतामा सङ्घीय परिषद् अध्यक्ष अशोक राईसहित सांसदद्वय राजकिशोर यादव र नवलकिशोर साहले पनि दाबी गर्दै आएका थिए। तथापि दलको नेता चयनका लागि दुवै नेताले उम्मेदवारी नदिएको जसपाले जनाएको छ। प्रतिनिधिसभामा जसपाका १२ जना सांसद छन्। जसपाले नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारलाई समर्थन गरेको छ।


वीरगंज महानगरपालिकाले बुधवारदेखि ३२ वटै वडाको चोकमा आगो बालेको छ। शीतलहर शुरु भएसँगै महानगरको पहलमा चोक-चोकमा आगो बालिएको हो। तस्वीर सौजन्य : वीमनपा

# पानी नपर्दा सुक्खापन बढ्यो
## हिउँदे बालीलाई असर

काठमाडौं, १३ पुस/रासस

लामो समयदेखि पानी नपर्दा नेपालका अधिकांश भूभागमा सुक्खापन बढेको देखिएको छ। जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले पानी नपर्दा देशभर सुक्खापन बढेको जनाएको हो। पानी नपरेकै कारण प्रदूषणसमेत बढ्दै गएको बताइएको छ। केही दिनअघि केही ठाउँमा फाट्फुट्ट पानी परे पनि राम्ररी वर्षा भने हुन सकेको छैन।

उता पानी नपर्दा बढेको सुक्खापनले कृषि क्षेत्रमा पनि असर पर्न थालेको बताइएको छ। मौसमविद् शान्ति कँडेलका अनुसार सामान्यतया मङ्सिर १६ गतेदेखि फागुन १७ गतेसम्मलाई हिउँदे वर्षाको समय मानिन्छ। तर पुस १३ सम्म पानी पर्न सकेको छैन। उनका अनुसार तत्काललाई पानी पर्ने सम्भावना पनि छैन।

नेपालमा हिउँदको समयमा वर्षा गराउने प्रमुख भूमिका पश्चिमी वायुको हुने भएपनि अहिले नेपालमा पश्चिमी वायुको प्रभाव सामान्य परिरहे पनि त्यो शक्तिशाली नहुँदा पानी पर्न नसकेको मौसमविद् कँडेलले बताइन्। उनले भनिन्, “यही प्रणालीका कारण उच्च पहाडी र हिमाली जिल्लामा हल्का हिमपात भइरहेको छ। पहाडी जिल्लाको मौसम आंशिकदेखि सामान्य बदली र तराईका जिल्लामा हुस्सु कुहिरो लाग्ने गरेको छ। तर पानी पार्ने गरी सक्रिय नहुँदा वर्षा हुन सकेको छैन।”


पानीबिना खेतमा परेको सुक्खा। तस्वीरः फाइल

मौसम पूर्वानुमान महाशाखाका अनुसार सामान्यतया काठमाडौंमा डिसेम्बर महिनामा १३ दशमलव दुई मिलिमिटर पानी पर्नुपर्छ। तर यो वर्ष आज डिसेम्बर २८ सम्म पनि पानी पर्न सकेको छैन। पानी नपर्दा काठमाडौंसहित सबैजसो ठाउँमा सुक्खापन बढेको छ।

उता वर्षा नभई प्रदूषणसँगै सुक्खापनसमेत बढेकाले आगलागीका घटना पनि बढ्न थालेका छन्। आज हिमाली जिल्लामा हल्का हिमपातको सम्भावना रहेको मौसमविद्ले जनाएका छन्।

उता लुम्बिनी र सुदूरपश्चिमका जिल्लाहरूमा हुस्सु कुहिरो लागेको छ भने अरू ठाउँको मौसम भने सामान्यता सफा नै रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

# बुद्ध एयरले सबै उडान पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट गर्ने

काठमाडौं, १३ पुस/रासस

बुद्ध एयरले यही पुस १७ गतेदेखि सबै उडान नवनिर्मित पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट सञ्चालन गर्ने भएको छ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल अङ्ग्रेजी वर्ष २०२३ को १ जनवरीदेखि व्यावसायिकरूपमा सञ्चालनमा ल्याउने नेपाल नागरिक उड्डयन प्राधिकरणले घोषणा गरिसकेको छ। भौतिक पूर्वाधारले निकै राम्रो मानिएको नयाँ विमानस्थलबाट उडान भर्न सम्पूर्ण तयारी गरिएको कम्पनीले जनाएको छ। बुद्ध एयरले नयाँ विमानस्थलबाट उडान हुने भएकाले यात्रुलाई निश्चित समयमा जाँचका लागि अनुरोध गरेको छ।

उक्त विमानस्थलमा आइएफआर प्रविधि पनि जडान गरिएकाले अब कम भिजिबिलिटीमा पनि उडान भर्न सकिने छ। यस विमानस्थलमा यात्रुलाई टर्मिनल भवनबाट जहाजसम्म ल्याउन र पुर्‍याउन ट्याम्प बस राखेको छ। यात्रु जहाज र टर्मिनल भवन आउजाउ गर्न ट्याम्प बसको प्रयोग गर्नुपर्ने हुन्छ। पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा बुद्ध एयरका लागि जाँच काउन्टर नं ३, ४ र ५ तोकिएको छ। सामानको तौल तथा सुरक्षा जाँचमा समय लाग्ने हुँदा समयमै यात्रुलाई प्रवेश गर्न बुद्ध एयरले अनुरोध गरेको छ।

नयाँ विमानस्थलमा अभ्यस्त हुन केही समय लाग्ने हुँदा पोखराबाट यात्रा गर्ने यात्रुले टिकटमा उल्लेख गरिएको समयभन्दा दुई घण्टा अगाडि विमानस्थल पुगेर जाँच गर्न बुद्ध एयरले विशेष आग्रह गरेको छ।



तस्वीरः फाइल

बुद्धले पोखरा विमानस्थलबाट काठमाडौं जस्ते देशका हरेक गन्तव्यलाई क्रमशः जोड्दै लैजाने जनाएको छ। नागरिक प्राधिकरणको अनुमतिमा २३ फेब्रुअरीदेखि रात्रिकालीन उडान पनि गरिनेछ।

अन्तर्राष्ट्रियतर्फ अनुमति पाएलगत्तै बुद्ध एयरले पोखराबाट भारतको वाराणसी पनि उडान भर्ने योजना बनाएको छ। बुद्ध एयरसँग ११ एटिआर-७२, तीन एटिआर-४२ जहाज रहेको छन्। निकट भविष्यमै बुद्ध एयरले थप तीन एटिआर-७२ जहाज भित्र्याउन लागेको छ।

# बजारमा हल्ला छ

प्रचण्ड प्रधानमन्त्री बनेपछि केही रोचक घोचक प्रतिक्रिया बाहिर आएका छन् । बजारिया खबर हो, सत्यतथ्य थाहा भएन। ओली के गरौं कसो गरौंको अवस्थामा थिए । खाऊँ भने कान्छा बाउको अनुहार नखाऊँ भने दिनभरिको शिकार भन्दै खुइँय गरे। नयाँ मन्त्रीहरूको नाम सुनेर एकजना भिआइपीले "दाने दाने पे लिखा होता हैं खाने वालाका नाम" भन्दै तीतो मुख पारेछन्। देउवा चाहिं लतरपतर गर्दै नबुझिने पारामा "मुटुमाथि ढुङ्गा राखी हाँस्नुपर्‍या छ । आफूले मुढा ताकें, बन्चरोले त घुँडा ताकेछ" भन्दै थिए।

प्रचण्डको चाललाई माधव नेपालले यस्तो रहेछ यहाँको चलन भनेछन् ।

घरमा टिभी हेर्दै गगन थापाले देउवालाई खिस्सी गर्दै "जैसाको तैसा" भन्दै हाँस्न थालेछन्। अर्थात् बडा मजा आया रे !

बाबुराम भट्टराईले चाहिं "बेल पाक्यो कौवालाई हर्ष न बिस्मात" भनेर तर्किन्छन्।

ओलीकी प्रशंसिका पञ्चायतकालीन नेत्री भद्रा घलेले ओलीलाई आफू बसेकै रूखको हाँगा काट्ने कालीदास भनिछन्।

नारायणमान बिजुक्छेले विदेशी चाल सफल भयो भनेछन्।

प्रचण्डले आफ्नो खासमखासलाई "मौकामा चौका हानें" भन्दै मुँछमा ताव दिन थालेछन्। अहिले यति मात्रै हल्ला छ। अस्तु !

मन्तव्य



कुमारबन्धु रुपाखेती

> बजारिया खबर हो, सत्यतथ्य थाहा भएन। ओली के गरौं कसो गरौंको अवस्थामा थिए। खाऊँ भने कान्छा बाउको अनुहार नखाऊँ भने दिनभरिको शिकार भन्दै खुइँय गरे। नयाँ मन्त्रीहरूको नाम सुनेर एकजना भिआइपीले "दाने दाने पे लिखा होता हैं खाने वालाका नाम" भन्दै तीतो मुख पारेछन्।

# कहिल्यै अवकाश हुँदैनन् यी कर्मचारी

-टीकाराम सुनार

जनकपुरधाम, १३ पुस/रासस

कर्मचारी भएपछि निश्चित उमेरपछि अवश्य अवकाश पाइन्छ, भलै सेवा क्षेत्र अनुसार उमेरको हदबन्दी फरक-फरक हुन सक्ला । तर केही कर्मचारीले कहिल्यै अवकाश पाउँदैनन् भन्दा तपाईंलाई विश्वास नलाग्न सक्छ। विश्वास नलागेर पनि के गर्नु ! नेपालमा यस्ता कर्मचारी पनि छन्, जो कहिल्यै अवकाश हुँदैनन् ।

जीवनकालमा कहिल्यै अवकाश नपाउने कर्मचारी हुन्, हुलाक सेवा विभाग अन्तर्गतको अतिरिक्त हुलाकका कर्मचारीहरू । अतिरिक्त हुलाक नियमावली २०३४ को व्यवस्था अनुसार नियुक्ति पाउने यस्ता कर्मचारी एकपटक नियुक्त भइसकेपछि कहिल्यै अवकाश हुँदैनन् । अवकाशका उपाय त छन्, स्वेच्छिक राजीनामा वा मृत्यु। त्योबाहेक सामान्यतया कारबाही गर्ने कुरा कानूनको दृष्टिमा समेत बदरभागी हुने भएकाले यो अपवाद मात्रै हो ।

हुलाक सेवा अन्तर्गत अहिले मुख्यतः निजामती र अतिरिक्त हुलाकमा कार्यरत जनशक्ति गरी दुई प्रकारका कर्मचारी छन्। अतिरिक्त हुलाक नियमावली २०३४ अनुसार हुलाक सेवा विभागले अतिरिक्त हुलाकको स्थापना गर्ने व्यवस्था छ। हाल यस्ता हुलाक देशका ७७ जिल्ला अन्तर्गत तीन हजार ७४ वटा छन् । सोही नियमावलीको दफा ७ ले हुलाक सेवा विभागले तोकिदिएको अधिकृत वा निर्देशकले यस्ता कर्मचारी नियुक्त गर्न पाउने व्यवस्था गरेको छ । हो, यिनै अतिरिक्त हुलाकमा नियुक्त हुने हुलाक प्रतिनिधि, वितरक र डाँकवाहकले नियुक्ति त पाउँछन् तर कहिल्यै अवकाश हुनुपर्दैन ।

हुलाक सेवा विभागका अनुसार नेपालमा हाल यस्ता कर्मचारीको सङ्ख्या १० हजारभन्दा बढी छ । विभागको प्रशासन शाखा प्रमुख ढालबहादुर जिसीले देशभर तीन हजार ७४ वटा अतिरिक्त हुलाकमा कार्यरत यस्ता कर्मचारीको सङ्ख्या १० हजार २९२ रहेको जानकारी दिए । त्यसमध्ये हुलाक प्रतिनिधि दुई हजार ९८०, वितरक चार हजार ४६४ र डाँकवाहकको सङ्ख्या दुई हजार ८४८ रहेको उनले बताए ।

नियमावलीको दफा ९ मा हुलाक प्रतिनिधि नियुक्त गर्दा साबिक गाविस वा नगरपालिकाबाट लिखितरूपमा सिफारिश गरिएको, नेपाल सरकारको राजपत्राङ्कित अधिकृतबाट सिफारिश गरिएको, साबिक गाविस वा नगरपालिका अन्तर्गत रहेको विद्यालयको शिक्षक र स्थायी कारोबार भएको स्थानीय दुकानदार हुनुपर्ने भनेर उल्लेख गरे पनि वितरक र डाँकवाहकको हकमा समेत त्यस्तै नियम लागू हुने गरेको छ। पछिल्लो एक वर्ष भने यस्ता कर्मचारीको नियुक्ति बन्द गरिएको विभागका निर्देशक लक्ष्मीदेवी हुमागाइँ (खतिवडा)ले जानकारी दिइन् ।

अतिरिक्त हुलाकमा नियुक्त हुने कर्मचारीको मुख्य कार्य डाँक ढुवानी तथा वितरण गर्नु हो। नियमावलीको व्यवस्था अनुसार यस्ता कर्मचारीले दिनमा कम्तीमा दुई घण्टा काम गर्नुपर्ने भएकाले यी पूर्णकालीन होइनन् । त्यसबापत हाल हुलाक प्रतिनिधिले मासिकरूपमा न्यूनतम आठ हजार ३१० र वितरक तथा डाँकवाहकले रु सात हजार २७५ पाउने गरेको जिसीले बताए ।

यसबाहेक कर्मचारीले नियम अनुसार सेवासुविधा पाउँछन् । अतिरिक्त हुलाक नियमावली २०३४ ले वार्षिक छ दिन भैपरी आउने बिदा, वार्षिक १२ दिन बिरामी बिदा, वार्षिक २४ दिन घर बिदा, बढीमा दुई सन्ततिका लागि नियम अनुसार प्रसूति बिदा र १५ दिन किरिया बिदा पाउने व्यवस्था गरेको छ ।

त्यसैगरी, उपचार खर्चबापत काम गरेको प्रत्येक वर्षको लागि पदको शुरू पारिश्रमिक स्केलको आधा महीनाको तलब बराबर उपचार खर्च वा उपचार खर्चबापतको रकम लिन नपाउँदै सेवाबाट अवकाश भएमा नियमबमोजिम पाउने रकम एकमुस्ट लिन पाउने व्यवस्था पनि छ ।

कुनै बेला जनताको सुख-दुःख आदानप्रदान गर्ने नजीकको साथीका रूपमा थियो हुलाक । हुलाकका कर्मचारी शहरबजारदेखि दुर्गम गाउँका घरघरसम्म पुग्थे। कर्मचारीलाई भ्याइनभ्याइ थियो।




त्यसैले अतिरिक्त हुलाकमा स्थानीय कर्मचारी नियुक्त गर्नु बाध्यता जस्तै थियो। अहिले समय फेरिएको छ तर यस्ता कर्मचारी व्यवस्थापनको नीति भने फेरिन सकेको छैन । यी कर्मचारी निजामती होइनन् र स्थायी पनि हुँदैनन्। तर कहिल्यै अवकाश नहुने भएकाले व्यवस्थापन चाहिं बोझिलो बन्दै गएको छ ।

कहिल्यै अवकाश नहुने कारण उनीहरूलाई खटनपटन गर्नसमेत सजिलो नभएकाले समयमा काम हुन नसकिरहेको हुलाकका अन्य कर्मचारीको भनाइ छ। हुलाक कार्यालय धनुषाका प्रमुख सत्यनारायण सिंह भन्छन्, "हुलाक सेवामा त्यसै पनि कार्यबोझ कम छ, भएको काम पनि समयमा हुँदैन भन्ने जनगुनासो छ । उमेरका कारण काम अऱ्हाउन गाऱ्हो छ । अवकाश दिने निश्चित नियम छैन ।"

सिंहका अनुसार धनुषामा रहेका ७५ अतिरिक्त हुलाकमा मात्रै करीब ३५० कर्मचारी छन् भने तीमध्ये ८५/९० वर्ष उमेरका केही कर्मचारीसमेत सेवामैं कार्यरत छन्। विभागको तथ्याङ्कमा ६० वर्षमाथिका कर्मचारीको सङ्ख्या देशभर दुई हजार ११८ रहेको देखिन्छ ।

हुलाक सेवा सुधारका लागि विभिन्न समयमा गठन भएका कार्यदलले हुलाक सेवालाई प्राधिकरण बनाउने र अतिरिक्त कर्मचारीको उमेर हद तोक्ने भनिए पनि अहिलेसम्म कार्यान्वयन हुन नसकेकाले यो विषय बारम्बार उठ्ने गरेको विभागका निर्देशक हुमागाइँ (खतिवडा) बताउँछिन् । अवकाश नीति नहुँदा बाँचुन्जेल सेवामैं रहने प्रवृत्तिले एकातिर राज्यले समयसापेक्ष सेवा लिन र दिन सकिरहेको छैन । अर्कोतर्फ न्यून ज्याला, सामाजिक सुरक्षा नभएको गुनासो ती कर्मचारीले गर्दै आएका छन् ।

सूचना प्रविधिको विकाससँगै चिठीपत्रको स्थान इमेललगायत सामाजिक सञ्जालले लिएपछि हुलाकको आधारभूत सेवाका रूपमा रहेको चिठीपत्र आदानप्रदान कार्य प्रभावित भई अहिले सरकारी कागजपत्र ओसारपसार र हुलाक टिकट बिक्री वितरणमा सीमित हुन पुगेको छ । यसै कारण कुनै बेला 'सेवा हि परमोधर्म'को पवित्र भावनासहित जनजनको सुख-दुःखको साथी बन्दै आएको हुलाक सेवा पछिल्लो समय ओझेलमा पर्दै आएको छ ।

जनस्तरमा सञ्चार सुविधा उपलब्ध गराउने संसारकै सबैभन्दा पुरानो हुलाक सेवालाई प्रविधि, प्रतिस्पर्धा, विश्वसनीय तथा स्वायत्तताको माध्यमबाट समयसापेक्षा सेवाप्रवाह गर्न सक्षम बनाउनुपर्ने माग उठ्न थालेको पनि धेरै भइसक्यो। तर त्यो सुधार कुरामैं सीमित छ । अतिरिक्त हुलाकले स्थानीयस्तरमा रोजगार त दिइरहेको छ तर कर्मचारी व्यवस्थापनको वैज्ञानिक एवं समयसापेक्ष नीतिको अभावमा यसबाट लाभ लिन सकिएको छैन ।

सरकारले विभिन्न समयमा गठित कार्यदलका प्रतिवेदन र हरेक वर्षको बजेट, नीति तथा कार्यक्रममा हुलाक प्रणालीको पुनर्संरचनामा जोड दिने गरिन्छ । अब त्यसको कार्यान्वयन गर्दै यस सेवालाई आधुनिक र प्रविधियुक्त बनाउँदै सम्भाव्यताका आधारमा सेवाको क्षेत्र विस्तार गर्नेतर्फ लागे मात्रै हुलाक सेवालाई प्रविधि, प्रतिस्पर्धा, विश्वसनीय बनाउन सकिन्छ ।

# मेडिकल कलेजमा वार्षिकोत्सवको उपलक्ष्यमा सांस्कृतिक कार्यक्रम

प्रस, परवानीपुर, १३ पुस/

वीरगंजस्थित नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पतालमा सांस्कृतिक कार्यक्रम आयोजना गरिएको छ ।



वार्षिकोत्सवको अवसरमा एमबिबिएस १६औं ब्याचका विद्यार्थीद्वारा आयोजित सांस्कृतिक कार्यक्रममा विद्यार्थीहरूले आआफ्नो प्रतिभा प्रस्तुत गरेका थिए ।

कलेजका अध्यक्ष डा जैनुद्दीन अन्सारीको अध्यक्षतामा भएको कार्यक्रममा बारा क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य अच्युत मैनाली, संविधानसभा सदस्य अजयकुमार द्विवेदी, डा सुषमा तिवारी द्विवेदी, पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकाल, बाराका प्रजिअ कृष्णबहादुर कटुवाललगायत बारा, पर्साका सुरक्षा अधिकारी, नेता तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको अस्पतालका प्रवक्ता सेराज अहमदले जानकारी गराए ।

# फरार सूचीमा रहेका मियाँ पक्राउ

प्रमोद यादव, पंचगावाँ, १३ पुस/

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले सवारी ज्यान मुद्दामा फरार एकजनालाई पक्राउ गरी पर्सा जिल्ला अदालत चलान गरेको छ।

पटेर्वासुगौली गाउँपालिका-१ कञ्चनपुरटोल निवासी ३५ वर्षीय गफुर मियाँलाई सवारी ज्यान मुद्दामा दुई वर्ष ११ महीना कैद सजाय भएपछि फरार सूचीमा रहेको र उनलाई बुधवार बिहान ७ बजे घरबाटै पक्राउ गरिएको इप्रका, पटेर्वासुगौलीका प्रहरी निरीक्षक किशोर आचार्यले बताए । अदालतबाट सजाय भएपछि मियाँ दुई वर्षदेखि फरार सूचीमा थिए। उनलाई पर्सा जिल्ला अदालतमा आजै हाजिर गराइएको प्रनि आचार्यले बताए ।

## फरक समाचार

# रक्सीको तृष्णा कम गर्ने सजिलो उपाय

वैज्ञानिकहरूले रक्सीको लतबाट छुटकारा पाउन र मदिरासेवनको मात्रा घटाउने एक धेरै प्रभावकारी तरीका पत्ता लगाएका छन् । तसर्थ वैज्ञानिकहरूले पिउनेहरूलाई भनेका छन् कि मानिसले प्रत्येक पेग खाँदा क्यान्सरको जोखिम कसरी बढ्छ ।



यसका लागि वैज्ञानिकले दुई प्रकारका म्यासेजमा ध्यान दिन आग्रह गरेका छन्। पहिलो सन्देश किन रक्सी किन मन गर्ने ।

मदिरासेवनले क्यान्सर मात्रै हुँदैन, अरू पनि धेरै समस्या हुन्छन्। जस्तै अकाल मृत्युको जोखिम, हृदयरोग, पेट खराब र डिमेन्सिया आदि । द जर्ज इन्स्टिच्युट अफ ग्लोबल हेल्थका मनोवैज्ञानिक र अर्थशास्त्री साइमन पेटिग्रेउले भने कि हामीले रक्सीसेवनकर्ताहरूलाई रक्सीको पेग गणना गर्न भन्यौं । साथै, प्रत्येक पेगमा उनीहरूको शरीरमा खतरा बढ्दै गइरहेको छ । यो क्रम केही दिनसम्म चल्यो ।

यस अध्ययनमा जम्मा सात हजार ९९५ जनालाई समावेश गरिएको थियो। जो दिनहुँ रक्सी पिउँछन् । उनीहरूलाई रक्सीको बानी परिसकेको थियो। तीन सातासम्म अध्ययन गर्नुपर्ने थियो। हरेक दिन यी मानिसहरूलाई उनीहरूले लिएका हरेक पेगसँग बढ्दो खतराको बारेमा बताइयो। पहिलो हप्तामा यी सबै व्यक्तिले परीक्षणमा भाग लिए। त्यसपछि दोस्रो हप्तामा चार हजार ५८८ जना मात्रै रहे। अर्थात् परीक्षण छाडेका मानिसहरूले रक्सी पिउन बन्द गरेका थिए।

तेस्रो साताको अन्त्यसम्ममा दुई हजार ६८७ जना मात्रै बाँकी थिए। अरू सबैले रक्सी त्यागेका थिए । बचेका मानिसहरूको पनि रक्सी पिउने बानी धेरै घटेको थियो । तिनीहरूसँग रक्सीको हानिबारे विज्ञापन र सन्देशहरू थिए ।

यी मानिसहरू दुई समूहमा विभाजित थिए। एउटा समूहलाई टिभी विज्ञापन देखाइएको थियो। जसमा मदिराका कारण हुने क्यान्सर र अन्य रोगका बारेमा बताइएको थियो। साथै अध्ययनकर्ताहरूले बताउँथे कि सेवनकर्ताहरूले आफ्नो पेग कसरी गणना गर्न सक्छन् र यसलाई नियन्त्रण गर्न सक्छन्। यसले गर्दा उनीहरूको रक्सी पिउने बानी कम भयो ।

बाँकी दुई हजार ६८७ जनामध्ये केहीले छ हप्ताभित्र रक्सी छाडे । कतिपय मानिसहरूले मात्रा सीमित गरे । सिमोन पेटिग्रेउले भने कि यो राम्रो छ कि मानिसहरूले यसरी सुधार गर्दैछन् । किनकि धेरैलाई थाहा छैन कि मदिराले क्यान्सर मात्रै होइन, अरू पनि धेरै प्रकारका समस्याहरू हुन्छन्।

साइमन भन्छन् कि यदि कसैलाई लगातार व्याख्या गरिएको छ। यदि उसलाई सही तरीकाले भनियो भने उसले रक्सी छोड्न सक्छ। केवल तिनीहरूलाई आफ्नो तरीकाले रक्सी पिउन छोड्न भन्नुपर्छ। तिनीहरूलाई आफ्नो समय लिन दिनुहोस्। किनभने विश्व स्वास्थ्य सङ्गठनका अनुसार हरेक वर्ष विश्वमा मदिरासेवनबाट हुने मृत्युमध्ये सात प्रतिशत समयअगावै हुने गरेको छ । यदि पिउनेहरूलाई समय-समयमा बताइयो कि यसले कति हानि गर्छ, त्यसको असर अवश्य हुन्छ ।

यस अध्ययनमा अस्ट्रेलियाली मदिरासेवनकर्ताहरूलाई समावेश गरिएको थियो। नतीजाको रूपमा पेग गणना गर्दा मानिसले पिउने बानीलाई कम गर्छ। त्यसो भए अर्कोपटक जब तपाईं पिउन बस्नुहुन्छ, सम्झनुहोस् मसँग लिनको लागि यतिमात्र पेग छन् । यसले तपाईंको रक्सी पिउने बानीलाई कम गर्नेछ ।

# यी पाँच हरियो खानेकुरा जसले तौल घटाउँछ

तरकारी र मसला धेरै औषधीय गुणहरूले भरिपूर्ण हुन्छन्। यसको सेवनले जिब्रोको स्वाद मात्र बढाउँदैन, नियमित सेवनले धेरै रोगको जोखिम कम गर्न मदत गर्छ भन्ने धेरै अनुसन्धानमा खुलासा भएको छ ।

केही यस्ता खानेकुराहरू छन्, जसलाई आयुर्वेदमा जडीबुटी मानिन्छ। यसको सेवनले शरीरबाट विषाक्त पदार्थ बाहिर निकाल्न मदत गर्छ। जसका कारण तौल घटाउन मदत मिल्छ ।

**हरियो चिया (Green Tea)**



हरियो चिया तौल घटाउनको लागि उत्कृष्ट पेय हो । पबमेडको एक रिपोर्ट अनुसार यसले मेटाबोलिज्म बढाएर तौल घटाउने गति बढाउँछ । यस्तो अवस्थामा यदि तौल घटाउने प्रयास गर्दै हुनुहुन्छ भने डाइटमा हरियो चिया समावेश गर्नु राम्रो विकल्प हुन सक्छ। यसबाहेक हरियो चियामा धेरै प्रकारका एन्टिअक्सिडेन्ट पाइन्छन्, जसले क्यान्सरबाट बचाउ गर्छ।

**मुङ दाल**

मुङ दालमा महत्त्वपूर्ण भिटामिन ए, बी, सी र ईका साथै क्याल्शियम, आइरन र पोटाशियमलगायतका धेरै खनिज तत्त्व पाइन्छन् । यसमा निकै कम बोसो हुन्छ। यसका साथै यसमा प्रोटिन र फाइबर पनि उच्च हुन्छ, जसका कारण यसको सेवनले लामो समयसम्म पेट भरिएको महसूस गराउँछ र तौल घटाउन मदत गर्छ ।

**हरियो खुर्सानी**

हरियो खुर्सानीले पनि तौल घटाउन मदत गर्छ। यसमा क्याप्साइसिन नामक तत्त्व पाइन्छ, जसमा मोटोपनविरोधी गुण हुन्छ। मोटोपन हटाउनुका साथै तौल नियन्त्रणमा पनि हरियो खुर्सानी लाभदायक हुन्छ। यसले मेटाबोलिजम बढाउन पनि मदत गर्छ।

**करी पत्ता**

करी पात तौल घटाउनमा फाइदाजनक हुन्छ। करी पातमा डाइक्लोरोमेथेन, इथाइल एसिटेट र महानिम्बाइन जस्ता विशेष तत्त्वहरू पाइन्छन्, जसले तौल घटाउन, कोलेस्ट्रोल र ट्राइग्लिसराइडको स्तर नियन्त्रण गर्ने काम गर्छ।

**हरियो इलाइची**

अलैंचीलाई मसलाको रानी पनि भनिन्छ । यो एक थर्मोजेनिक प्लान्ट हो, जसले तपाईंको शरीरबाट विषाक्त पदार्थहरू बाहिर निकाल्न मदत गर्दछ, र चयापचयलाई बढावा दिन्छ। जसले गर्दा यसले शरीरमा जम्मा भएका अतिरिक्त बोसोलाई हटाउन मदत गर्छ ।

-प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## ड्रोन आक्रमण भएको हुथी समूहको दाबी

साना, यमन, पुस १३/सिन्ह्वा/रासस

यमनमा जारी युद्धविराम भङ्ग गर्दै रेड सीको किनार ड्रोन आक्रमण गरेको यमनी विद्रोही समूहले बुधवार जनाएको छ।


तस्वीरः सिन्ह्वा

यमनको हुथी लडाकू समूहले साउदी नेतृत्वको गठबन्धनले यमनको रेड सीको किनारामा रहेको बन्दरगाह शहर होदेइदामा पछिल्लो २४ घण्टामा छवटा ड्रोन आक्रमण गरेको हुथी विद्रोहीद्वारा सञ्चालित अल-मसिराह टिभीले विद्रोहीको उच्च स्रोतलाई उद्धृत गरी उल्लेख गरेको हो।

मिलिशियाले दक्षिणी जिल्लाहरूमा भएको आक्रमण 'एकै दिन शहरमा युद्धविरामको १२३ गठबन्धन उल्लङ्घनमध्ये एक' भएको बताएको छ।

यमनको गठबन्धन वा सरकारले यसबारे समाचार तयार पार्दासम्म कुनै पुष्टि गरेको छैन।

सन् २०१८ को डिसेम्बरमा स्टकहोममा संयुक्त राष्ट्रसङ्घको मध्यस्थतामा भएको युद्धविराममा साउदी नेतृत्वको गठबन्धन समर्थित यमनी सरकारी फौज र हुथी मिलिशियाबीच युद्धविराम भएको थियो।

यमनको उत्तरपश्चिमी भागमा रहेको बन्दरगाह शहर हुथी समूहको नियन्त्रणमा छ भने सरकारी सेना यसको दक्षिणी जिल्लातर्फ अघि बढेको छ।

सन् २०१४ को अन्त्यतिर इराननिकट भनिने हुथी लडाकू समूहले उत्तरी शहरहरूमा आक्रमण गरी साउदी अरब निकट मानिएको यमनी सरकारलाई राजधानी सानाबाट बाहिर निकालेपछि यमन गृहयुद्धमा फसेको थियो। साउदी नेतृत्वको गठबन्धनले सन् २०१५ मा यमन द्वन्द्वमा हस्तक्षेप गर्दै अन्तर्राष्ट्रिय मान्यता प्राप्त सरकारलाई समर्थन गरेको थियो।

## तालिबान सरकारलाई राष्ट्रसङ्घको आग्रह
# महिलालाई शिक्षाबाट वञ्चित नगर्नु

संयुक्त राष्ट्रसङ्घ, पुस १३/सिन्ह्वा

तालिबान सरकारले यहाँका महिला तथा किशोरीहरूलाई विश्वविद्यालय जान प्रतिबन्ध गरेको विषयमा विश्वव्यापी रूपमा विरोध भइरहेका बेला संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले पनि आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले अफगानिस्तानको तालिबान सरकारले गरेको यो निर्णय तुरून्त सच्याउनुपर्ने र उसका कारण महिलाले अधिकार नपाउने अवस्था तत्काल अन्त्य हुनुपर्ने बताएको छ।

शिक्षामा महिलाको पनि समान अधिकार रहेकोले त्यसको सबैले सम्मान गर्नुपर्ने भन्दै सो परिषद्ले विज्ञप्ति प्रकाशन गरेर तालिबान सरकारले गरेका ती सबै निर्णयहरू फिर्ता गर्न भनेको छ।

दुई हप्ता मात्र अघि तालिबान सरकारका शिक्षामन्त्रीले तालिबान सरकारले सो निर्णय गरेको बताएका थिए। उनले अफगानिस्तानका किशोरी तथा महिलालाई विश्वविद्यालय जान नपाउने निर्णय सरकारले गरेको जानकारी दिएका थिए।

अफगानिस्तानको तालिबान सरकारले महिलालाई शिक्षाबाट प्रतिबन्धित गरेको घटनाको सबैतिर विरोध भएको छ। गत हप्तामात्र अफगानिस्तानका लागि संयुक्त राष्ट्रसङ्घीय विशेष प्रतिनिधि रोजा ओटुन्बोयाले विज्ञप्ति प्रकाशन गरेर यसको विरोध गरेका छन्।



तस्वीरः सिन्ह्वा

सुरक्षा परिषद्को मङ्गलवारको विज्ञप्तिमा यस्तो निर्णय अफगानिस्तान देशको हितमा पनि नभएको र अहिलेको युगमा पनि महिलाले विश्वविद्यालय गएर अध्ययन गर्न नपाउनु भनेको निकै दुःखद भएकोले ती निर्णय सच्याएर नारी अधिकारको सम्मान गर्ने अवस्था बनाउन आग्रह गरिएको छ।

मङ्गलवार संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले प्रकाशन गरेको विज्ञप्तिमा महिलाका लागि बन्द गरिएका भनिएका सबै विद्यालय, विश्वविद्यालय खोल्न र नारी अधिकारका पक्षमा काम गर्न आग्रह गरिएको छ।

दुई वर्ष अघि अफगानिस्तानमा तालिबानी शासन शुरू भएपछि यहाँका महिलाको अधिकार खोसिएको छ। उनीहरूलाई धेरै सार्वजनिक स्थल र कार्यमा प्रतिबन्ध लगाइएको छ र अहिले पछिल्लो समयमा उनीहरू विश्वविद्यालय पनि जान नपाउनेगरी प्रतिबन्ध लगाइएको बताइएको छ।

अफगानिस्तानको विकासका लागि त्यहाँका महिलाको पनि ठूलो योगदान रहेकोले यस्तो निर्णय तत्कालै सच्याएर सबै नागरिकले उचित र न्यायपूर्ण शिक्षा लिन पाउने अधिकारको रक्षा गर्न संयुक्त राष्ट्रसङ्घका विभिन्न पदाधिकारी तथा निकायले आग्रह गरिरहेका छन्। रासस


### नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्र, पर्साको सूचना

वीरगंज-पोखरिया ३३ केभी लाइन अपग्रेडेशन गर्ने कार्यको लागि नेविप्रा, वीरगंज ६६।३३।११ केभी सबस्टेशनबाट पोखरियाको लागि आउने वीरगंज-पोखरिया ३३ केभी लाइन र पोखरिया ३३।११ केभी तथा सेढवा सबस्टेशनबाट सञ्चालित सम्पूर्ण ११ केभी लाइनहरू मिति २०७९।०८।२८ देखि २०७९।०९।१८ गतेसम्म करीब २० (बीस) दिन बिहान ८:०० देखि दिउँसो १३:०० बजेसम्म उक्त निर्धारित समयमा पूर्णरूपमा सटडाउन रहने तथा उक्त कार्य गर्न कुनै कुनै स्थानमा सोही रूटमा वीरगंज सबस्टेशनबाट सञ्चालित ११ केभी विन्ध्यवासिनी फिडर, ११ केभी ५ नं फिडर र ११ केभी ६ नं फिडर रहेकाले उक्त तीनवटा फिडर आवश्यकता अनुसार सटडाउन रहने सूचित गरिन्छ। साथै निर्धारित समयावधिअगावै कार्य सम्पन्न भएमा लाइन पहिलै सुचारु हुने बेहोरा अनुरोध छ। यसबाट ग्राहकवर्गमा पर्न जाने असुविधाप्रति नेविप्रा पोखरिया वितरण केन्द्र क्षमाप्रार्थी छ।

- नेपाल विद्युत् प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय
ग्रिड सोलार तथा इनर्जी इफिसिएन्सी आयोजना
पोखरिया वितरण केन्द्र


### आजको राशिफल

| | |
|---|---|
| मेष – प्रसन्नता | वृष – पदोन्नति |
| मिथुन – ईश्वरभक्ति | कर्कट – अलमल |
| सिंह – नारीसुख | कन्या – धनलाभ |
| तुला – धनलाभ | वृश्चिक – वाहनकष्ट |
| धनु – राज्यलाभ | मकर – धनलाभ |
| कुम्भ – धनलाभ | मीन – अलमल |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


**प्लास्टिकको झोला बहिष्कार गरौं,**
**कपडाको झोला प्रयोग गरौं।**

वीरगंज महानगरपालिका कार्यालय


### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

# सन् २०२३ मा विश्व अर्थतन्त्र थप पीडाबाट गुज्रँदै

जीन-फिलिप लाकोर, अली बेख्ताओई र म्याथिल्डे डुमाजेट पेरिस, १३ पुस/एएफपी

कोभिड-१९ को महामारीपछि विश्व अर्थतन्त्रका लागि यो पुनरागमनको वर्ष हुने अपेक्षा गरिएको थियो।




सन् २०२२ मा नयाँ युद्ध, उच्च मुद्रास्फीति र जलवायुसँग सम्बन्धित विपत्तिहरू आए। कोलम्बिया विश्वविद्यालयका प्राध्यापक तथा इतिहासकार एडम टुजले यो वर्षको सङ्कटलाई एक 'पोलिक्राइसिस' का रूपमा वर्णन गरेका छन्।

सन् २०२३ मा थप निराशाको लागि तयार हुनुपर्ने आर्थिक विश्लेषकहरूले बताएका छन्।

युनिभर्सिटी अफ एम्स्टर्डमका म्याक्रोइकोनोमिक्सका प्राध्यापक रोएल बीट्स्माले भने-"शताब्दीको शुरूदेखि नै सङ्कटको दायरा बढेको छ।

"दोस्रो विश्वयुद्धपछि हामीले यस्तो जटिल अवस्था कहिल्यै देखेका थिएनौं"-उनले एएफपीसँग भने।

सन् २०२० को कोभिड-१९ का कारण उत्पन्न आर्थिक सङ्कटपछि सन् २०२१ मा देशहरू लकडाउन र अन्य प्रतिबन्धबाट मुक्त भए। उपभोक्ता मूल्य वृद्धि हुन थाल्यो। केन्द्रीय बैंकरहरूले अर्थतन्त्र सामान्य अवस्थामा फर्केपछि उच्च मुद्रास्फीति अस्थायी मात्र हुने बताएका थिए। तर फरवरीको अन्त्यमा रूसले युक्रेनमाथि गरेको आक्रमणले ऊर्जा र खाद्यान्नको मूल्य बढेको थियो।

धेरै देशहरू अहिले जीवनयापनको लागतको सङ्कटसँग जुधिरहेका छन्। ज्यालाले मुद्रास्फीतिलाई कायम राख्न सकेको छैन, जसले गर्दा घरपरिवार आफ्नो खर्चमा कठिन छनोट गर्न बाध्य छन्।

केन्द्रीय बैंकहरूले छिटोछिटो ब्याजदर परिवर्तन र बैंकका नीति हेरफेर गरिरहेका छन्। उच्च ऋण लागतको अर्थ आर्थिक गतिविधि सुस्त हुनु हो भन्ने कारण देशहरूलाई गहिरो मन्दीमा धकेल्ने जोखिमका बीच उनीहरूले सन् २०२२ मा बढ्दो मुद्रास्फीति नियन्त्रण गर्ने प्रयासमा ब्याज दर बढाउन थाले।

संयुक्त राज्य अमेरिका र युरो क्षेत्रमा मुद्रास्फीति अन्ततः कम हुन थालेको छ।

**सावधानीपूर्वक खर्च**

विकसित र उदीयमान राष्ट्रहरूको समूह (जी-ट्वेन्टी) मा उपभोक्ता मूल्य चौथो त्रैमासिकमा आठ प्रतिशत पुग्ने र अर्को वर्ष ५.५ प्रतिशतमा झर्ने अनुमान जी-ट्वेन्टीको आर्थिक सहयोग र विकास मामिला सङ्गठन (ओइसिडी)ले जनाएको छ। ओइसिडीले सरकारहरूलाई घरपरिवारमा राहत ल्याउन सहायता प्रदान गर्न प्रोत्साहित गरिरहेको छ।

ब्रुगेल थिङ्क ट्याङ्कका अनुसार २७ राष्ट्र सम्मिलित युरोपेली सङ्घ (ईयूमा)मा उपभोक्तालाई उच्च ऊर्जा मूल्यबाट जोगाउन अहिलेसम्म ६७४ अर्ब युरो (करीब ७०४ अर्ब अमेरिकी डलर) छुट्याइएको छ। युरोपको सबैभन्दा ठूलो अर्थतन्त्र र रूसको ऊर्जा आपूर्तिमा सबैभन्दा बढी निर्भर जर्मनीले कुल २६४ अर्ब युरो ओगटेको छ।

अर्न्स्ट एन्ड योङ्ग ग्लोबल लिमिटेड (इवाई) नामक कन्सल्टेन्सीले गरेको एक सर्वेक्षण अनुसार दुईमध्ये एकजना जर्मनले अहिले अत्यावश्यक वस्तुमा मात्र खर्च गर्ने गरेको बताएका छन्।

बढ्दो ब्याजदरले उपभोक्ता र व्यवसायलाई समेत असर गरेको छ।

अमेरिकी फेडरल रिजर्भ र युरोपियन सेन्ट्रल बैंक दुवैले डिसेम्बरमा आफ्नो दर वृद्धिको गति सुस्त बनाउन थालेका छन्। तर उनीहरूले मुद्रास्फीतिमा पकड प्राप्त गर्न अझै माथि जान आवश्यक रहेको सङ्केत दिएका छन्।

अर्थशास्त्रीहरूले जर्मनी र युरोजोनको अर्को ठूलो अर्थतन्त्र इटाली मन्दीको चपेटामा पर्ने अनुमान गरेका छन्। बेलायतको अर्थतन्त्र खुम्चिँदै गएको छ। रेटिङ एजेन्सी एस एन्ड पी ग्लोबलले सन् २०२३ मा युरो क्षेत्रमा स्थिरता आउने प्रक्षेपण गरेको छ।

तर अन्तर्राष्ट्रिय मुद्रा कोषले भने सन् २०२३ मा विश्व अर्थतन्त्र २.७ प्रतिशतले वृद्धि हुने अनुमान गरेको छ। ओइसिडीले २.२ प्रतिशतको आर्थिक वृद्धि हुने प्रक्षेपण गरेको छ।

चीनमा कोभिड-१९ नियन्त्रणका प्रतिबन्धहरू खुकुलो पारिनुले विश्वको दोस्रो ठूलो अर्थतन्त्र र विश्वव्यापी वृद्धिको प्रमुख चालकको पुनरुत्थानको आशा जगाएको छ।

यी प्रतिबन्धहरूले चीनको अर्थतन्त्र तहसनहस पारेको थियो र देशव्यापी विरोध प्रदर्शनहरू निम्तिएका थिए।

चीनले यसै हप्ता जनवरी ८ देखि विदेशी नागरिकका लागि कोभिड-१९ साग सम्बन्धित 'क्वारेन्टाइन' अन्त्य गर्ने घोषणा गर्दै विश्वका पर्यटकका लागि चीन खुला गर्ने सङ्केत दिएको थियो।

**जलवायु लागत**

तर अर्थशास्त्री बीट्स्माको विचारमा अहिलेको विश्वको सबैभन्दा ठूलो सङ्कट जलवायु परिवर्तन हो, जुन 'सुस्त गतिमा' तर निरन्तर चलिरहेको छ।

प्राकृतिक तथा मानव सिर्जित विपत्तिका कारण सन् २०२२ मा हालसम्म २६८ अर्ब अमेरिकी डलर बराबरको आर्थिक क्षति भएको पुनर्बीमा कम्पनी स्वीस रि हरिकेन इयानले मात्र ५० देखि ६५ अर्ब अमेरिकी डलर बराबरको अनुमानित क्षति बेहोरेको छ।

पाकिस्तानमा आएको बाढीका कारण यस वर्ष ३० अर्ब अमेरिकी डलरको आर्थिक क्षति तथा व्यापक मानवीय क्षति भएको छ।

गत नोभेम्बरमा इजिप्टमा भएको संयुक्त राष्ट्रसङ्घीय जलवायु वार्ता (कोप-२७) मा सरकारहरूले प्राकृतिक प्रकोपबाट तहसनहस भएका कमजोर विकासशील देशहरूले बेहोर्नुपरेको क्षति पूर्ति गर्न कोष खडा गर्न सहमत भएपनि हरितगृह ग्याँस उत्सर्जन घटाउन र विश्वव्यापी तापमान वृद्धिलाई कम गर्न आवश्यक भए तापनि जीवाश्म इन्धनको प्रयोग चरणबद्धरूपमा अन्त्य गर्ने नयाँ प्रतिबद्धताविना कोप-२७ शिखर सम्मेलन समाप्त भएको थियो।

"यो गम्भीर सङ्कट होइन, दीर्घकालीन सङ्कट हो"-बीट्स्माले भने। उनले थप भने-"यदि हामीले पर्याप्त काम गर्न सकेनौं भने यसले हामीलाई अभूतपूर्वरूपमा प्रहार गर्नेछ। रासस


### प्रारम्भिक वातावरणीय परीक्षणसम्बन्धी सार्वजनिक सूचना

प्रकाशित मिति : २०७९/०९/१४

मधेस प्रदेश पर्सा जिल्ला पर्सागढी नगरपालिकाको क्षेत्राधिकारमा रहेको सिंगाही खोलाबाट नदीजन्य पदार्थको उत्खनन कार्यको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम, ठेगाना | पर्सागढी नगरपालिका, हरपुर, पर्सा, मधेस प्रदेश नेपाल |
| प्रस्तावकको बेहोरा | सिंगाही खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा, मिस्कटको उत्खनन, सङ्कलन तथा ढुवानी कार्य |
| प्रभाव पर्न सक्ने क्षेत्र | पर्सागढी नगरपालिका, हरपुर पर्सा, वडा नं. १, वडा क्षेत्र तथा बजारका क्षेत्रहरू |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा रहेको र सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा जैविक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र सांस्कृतिक प्रणालीहरूबीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकीन गर्न वडा नं. १ को कार्यालय, विद्यालय, स्वास्थ्य संस्था तथा सरोकारवाला अन्य व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

यो सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र तपसिलका ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ।

**प्रस्तावकको नाम र ठेगाना : पर्सागढी नगरपालिका, हरपुर, पर्सा (वातावरण शाखा, मधेस प्रदेश नेपाल)**

**परामर्शदाताको नाम र ठेगाना : चित्रांश मल्टि सपोर्ट कन्सल्टेन्सी प्रालि, पुलचोक, ललितपुर,** Email : chitranshmulticonsult@gmail.com


## बोक्सीको आरोप लगाउने ...

छ महीना कैद र रु पाँच हजार जरिवाना गरेको हो।

जिल्ला न्यायाधीश डा राजेन्द्रकुमार आचार्यको इजलासले आरोपितहरूलाई उक्त सजाय दिने आदेश दिएको अदालतका सूचना अधिकारी भरत पोखरेलले जानकारी दिए। यस्तै पीडितले आरोपितबाट जनही रु तीन हजार क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने पनि आदेशमा उल्लेख भएको छ। रामदेवका भाइ ४० वर्षीय श्यामदेवले भने अभियोगबाट सफाइ पाएका छन्।

आरोपितका छोराछोरी बिरामी पारेको दोष लगाइ २०७८ माघ १० गते बोक्सीको आरोप लगाउँदै कुटपिट गर्ने आरोपितहरूविरुद्ध पीडितले इलाका प्रहरी कार्यालय, कञ्चनरूपमा उजूरी दिएकी थिइन्।

घरको कोठामा प्रवेश गरी आरोपितहरूले बोक्सी भन्दै गालीगलौज र कुटपिट गरेको पीडितको भनाइ थियो। इप्रकाले गत माघ २० गते उजूरी दर्ता गरेपछि २५ गते उनीहरूलाई पक्राउ गरिएकामा सुनीताले रु ३० हजार र रामदेवले रु २० हजार धरौटी राखेर रिहा भई तारिक खेप्दै आएका थिए। यसैगरी, गत जेठ ११ गते हाजिर भएका प्रकाश र बबिताले पनि जनही रु १० हजार धरौटी राखेर बाहिरिएका थिए।

# अपहृत सिद्दिकी चार दिनपछि मुक्त, फिरौतीसहित अपहरणकारी पक्राउ

प्रस, महोत्तरी, १३ पुस/

महोत्तरी जिल्लाको सहोरवाबाट चार दिन पहिले अपहरणमा परेका ईसर सिद्दिकी मङ्गलबार राति नेपाल–भारत सीमा क्षेत्रबाट मुक्त भएका छन् । अपहरणकारीलाई प्रहरीले फिरौती रकमसहित पक्राउ गरेको छ ।

मेनपावर कम्पनीका प्रतिनिधि सिद्दिकीलाई अपहरण गर्ने भारत, मधुवनी, बेतहा, पर्सा घर भएका मो. मुख्तार शेखलाई नौ लाख रुपैयाँ फिरौती रकमसहित पक्राउ गर्न प्रहरी सफल भएको हो । उक्त फिरौती रकम सिद्दिकीको परिवारजनबाट अपरहरणकारीले बुझिलिएका थिए ।

मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामबाट प्रहरी निरीक्षक उमाशङ्कर साहको नेतृत्वमा खटिएको प्रहरी टोलीले जिल्ला प्रहरी कार्यालय, महोत्तरीको समेत सहयोगमा नेपाल–भारत सीमा क्षेत्रमा सर्च गरेको थियो । सो क्रममा जिल्लाको मटिहानीबाट सिद्दिकीलाई सकुशल अपहरणमुक्त गराउँदै अपहरणमा संलग्न मुख्तार शेखलाई पक्राउ गरिएको प्रहरी निरीक्षक साहले जानकारी दिए ।

सिराहा जिल्लाको लहान नगरपालिका घर भएका सिद्दिकी पुस ९ गते शनिवार काठमाडौंबाट हवाई मार्ग हुँदै जनकपुर आएका थिए । जनकपुर विमानस्थलमा पुगेका सिद्दिकीलाई नचिनेको नम्बरबाट फोन गरी आफूहरू वैदेशिक रोजगारमा जान चाहेको भन्दै सरसल्लाहका लागि महोत्तरीको सहोरवा बोलाएका थिए । सहोरवाबाटै आफूलाई चिनेकै मान्छेले अपहरण गरेको मुक्त भएपछि सिद्दिकीले बताएका छन् ।

पक्राउ परेका शेखलाई बुधवार जिल्ला अदालत महोत्तरीबाट म्याद थप गरी अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय, महोत्तरीका प्रहरी उपरीक्षक कृष्ण पङ्गेनीले बताए । प्रहरी अनुसन्धानबाट दुवैजनाबीच पुरानो चिनजान रहेको र लेनदेन विवाद देखिएको खुलासा भएको छ । "प्रारम्भिक अनुसन्धानबाट आर्थिक लेनदेन विवादका कारण अपहरण भएको देखिन्छ । विस्तृत अनुसन्धान हुँदैछ," प्रउ पङ्गेनीले भने ।

सिद्दिकीलाई अपहरण गरी अपहरणकारीले २५ लाख फिरौती मागेका थिए ।

चार दिनसम्म बार्गेनिङ गरेका अपहरणकारी मङ्गलबार साँझ ९ लाख फिरौती लिएर सिद्दिकीलाई छाड्न सहमत भएका थिए । अपहरणकारीलाई लगातार पछ्याइरहेको प्रहरीले फिरौतीसहित एकजनालाई पक्राउ गर्न सफल भएको हो । सो समूहका अन्य चारजना फरार रहेको र तिनीहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ ।


अपहरण मुक्त भएका सिद्दिकी

## जाडोबाट बच्न निम्न उपायहरू अवलम्बन गरौं

- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारीरिक व्यायाम गरौं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा अशक्तले सकेसम्म चीसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानेकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




## रेलले किचेर युवकको मृत्यु

प्रस, जनकपुरधाम, १३ पुस/

जयनगरबाट जनकपुरतर्फ आउँदै गरेको रेलले कुल्चिंदा एक युवकको ज्यान गएको छ । मृत्यु हुनेमा धनुषाको नगराइन नगरपालिका वडा नं २ राघोपुरका ३४ वर्षीय पुरन सदा रहेको प्रहरीले जनाएको छ ।



घटना विदेह नगरपालिकास्थित वैदेही स्टेशनमा भएको हो । बुधवार बिहान करीब साढे नौ बजे वैदेही स्टेशन हुँदै जनकपुरतर्फ आउन लागेको रेलले सदालाई कुल्चिएको रेलवे सुरक्षामा तैनाथ सशस्त्र प्रहरी उपरीक्षक प्रकाश सुवेदीले बताए ।

स्टेशनमा निर्धारित समय रोकेर अगाडि बढिरहेको चल्ती रेलमा चढ्न खोज्दा चिप्लिएर सदा रेलको लिकमा पुगेका थिए ।

मजदूरीका लागि जनकपुरतर्फ जान खोजेका उनी दौड्दै गएर चल्ती रेलमा चढ्न खोजेका थिए । चिप्लिएर लिकमा लडेका सदाको रेलको चक्काले घाँटी छिनाएको जिप्रका धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जनाएका छन् ।

दुर्घटनापछि केही बेर अवरुद्ध रेलसेवा पुनः सुचारु भएको नेपाल रेलवेका महाप्रबन्धक निरञ्जन झाले बताए ।

## महसूल बक्यौताको कारण कालिकामाईको बिजुली काट्यो

प्रस, पोखरिया, १३ पुस/

कालिकामाई गाउँपालिका कार्यालयको विद्युत् लाइन काटिएको छ । नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्रले आजदेखि पहिलो चरणमा एक लाखसम्म महसूल बक्यौता राखेका ग्राहकहरूको लाइन काट्ने अभियान शुरु गरेको र कालिकामाई गापा कार्यालय पनि सोही मापदण्डभित्र परेको कारण लाइन काटिएको पोखरिया वितरण केन्द्रका प्रमुख जगरनाथ झाले बताए । उनले कालिकामाई गापाको नाममा एक लाख ७६ हजार महसूल बाँकी रहेको बताए ।

यसैगरी, सो गापाको अन्य पाँचजनाको पनि महसूल बक्यौता रहेकोले आज लाइन काटिएको प्रमुख झाले बताए । आज लाइन काटिएको कालिकामाई गापासमेत छजना ग्राहकबाट कुल रु पाँच लाख १६ हजार महसूल बक्यौता रहेको उनले बताए ।

# खेलकूदको संसार

## नेपाल टी-२० क्रिकेट : लुम्बिनीको जीत

काठमाडौं, १३ पुस/रासस

राजधानीमा जारी पहिलो संस्करणको नेपाल टी–२० क्रिकेट लिगमा लुम्बिनी अल स्टारले फार वेस्ट युनाइटेडलाई पराजित गर्दै विजयी भएको छ ।

कीर्तिपुरस्थित त्रिविवि क्रिकेट मैदानमा आज भएको खेलमा लुम्बिनीले फार वेस्टलाई सुपर ओभरमा नौ रनले पराजित गर्दै विजयी भएको हो । यस जीतसँगै लुम्बिनीले प्रतियोगितामा लगातार चौथो जीत दर्ता गराएको छ । चार खेल खेलेको लुम्बिनीले आठ अङ्क जोड्दै अङ्कतालिकाको शीर्षस्थानमा छ ।

टस हारेर पहिले ब्याटिङ गरेको निम्तो पाएको फार वेस्टले निर्धारित २० ओभरमा छ विकेट गुमाएर १३७ रन बनायो । १३८ रनको विजयी लक्ष्यसहित मैदान उत्रिएको लुम्बिनीले २० ओभरमा नौ विकेट गुमाएर १३७ रन नै बनाएपछि खेल सुपर ओभरमा पुगेको हो ।

सुपर ओभरमा पहिले ब्याटिङ गरेको लुम्बिनीले १९ रन बनाएको थियो । लुम्बिनीका लहिरु मिलन्थाले १५ र साइलेभान स्कल्कवेकले तीन रन बनाए । लुम्बिनीले एक रन भने अतिरिक्त पाएको थियो ।

बीस रनको लक्ष्यसहित ब्याटिङमा उत्रेको फार वेस्ट १० रनमा समेटियो । फार वेस्टका हस्मतुल्लाह शाहिदीले आठ रन बनाउँदा विनोद भण्डारीले दुई रन बनाए । त्यसअघि २० ओभरको खेलमा लुम्बिनीका गुलसन झाले सर्वाधिक अविजित ३६ रन बनाएका थिए । उनले २४ बलमा तीन चौका र एक छक्का प्रहार गरे । त्यसैगरी, लहिरु मिलन्थाले ३४ तथा विपुल शर्माले ३१ रन जोडे ।

फार वेस्टका करण केसी र शेर मल्लले समान दुई विकेट लिए भने राशिद खान, उमैर अलि हस्मतुल्लाह शाहिदी र भुवन कार्कीले समान एक/एक विकेट लिए ।

यता फार वेस्टका लागि भने देव खनालले सर्वाधिक ४८ रन बनाएका थिए । उनले ४२ बलमा पाँच चौकासहित ४८ रन बनाए । कप्तान हस्मतुल्लाह शाहिदीले ३२, भीम सार्कीले १५, करण केसीले १२ तथा हसिम अन्सारी र विनोद भण्डारीले समान ११/११ रन जोडेका थिए ।

लुम्बिनीका साइले भान स्कल्कवेकले दुई विकेट लिए भने हर्मित सिंह, किशोर महतो र सागर ढकालले समान एक/एक विकेट हात पारे । यससँगै तीन खेलबाट दुई अङ्क जोडेको फार वेस्ट तालिकाको चौथो स्थानमा छ ।

## महानगरमा भोलिदेखि गर्भनिरोधक सायना प्रेस उपलब्ध हुने

प्रस, वीरगंज, १३ पुस/

वीरगंज महानगरपालिकाले परिवार नियोजनको अस्थायी साधन सायना प्रेस भोलि बिहीवारदेखि ३२ वटै वडामा रहेको स्वास्थ्य केन्द्रबाट सेवा शुरू गर्ने भएको छ ।


तस्वीर सौजन्यः वीमनपा

गर्भनिरोधक नयाँ साधन सायना प्रेसबारे बुधवार महानगरमा आयोजित कार्यक्रममा सहभागी स्वास्थ्यकर्मीहरूलाई नगरप्रमुख राजेशमान सिंहले सबै वडामा सायना प्रेस पुगिसकेको बताउँदै सो सेवा प्रभावकारी ढङ्गबाट सबैको पहुँचमा पुग्ने गरी लैजान निर्देशन दिए ।

महानगरको स्वास्थ्य महाशाखा प्रमुख रितेश जयसवालले सेवाग्राहीलाई सहजताका साथ प्रयोग गर्न स्वास्थ्यकर्मीहरूलाई आग्रह गरे । उनले महिलाले प्रयोग गर्ने तीन महीने गर्भनिरोधक अस्थायी साधन सायना प्रेस महानगरका सबै स्वास्थ्य चौकी र केन्द्रबाट प्रदान गर्न सकिने बताए । यो सुई गर्भ नचाहनेहरूले एकपटक लगाएपछि तीन महीना गर्भ रोक्ने उनले बताए । यसको प्रभावकारिता स्वास्थ्य सङ्गठनहरूले ९९ प्रतिशत रहेको दाबी गरेको उनले जानकारी गराए ।

महानगरले यो सुईको प्रयोगबारेमा महानगरका स्वास्थ्यकर्मीहरूलाई स्वास्थ्य कार्यालयमार्फत प्रशिक्षण दिएर दक्ष बनाइ सञ्चालनमा ल्याएको स्वास्थ्य महाशाखाकी इन्दिरा लोहनीले बताइन् । उनले प्रशिक्षणमा ढिला भएको कारण यो सेवामा ढिला हुन गएको बताइन् । धेरै मुलुकमा सेवाग्राही स्वयंले परिवार नियोजनको यो सुईको प्रयोग गर्ने गरेको तर नेपालमा स्वास्थ्य मन्त्रालयले यसको अनुमति नदिएको कारण स्वास्थ्यकर्मीहरूलाई प्रशिक्षित पारेर सेवा शुभारम्भ गरिएको उनले प्रस्टयाइन् ।

नेपालमा यसअघि परिवार नियोजनको अस्थायी साधनको रूपमा गर्भनिरोधक सङ्गिनी सुई पनि प्रयोगमा छ ।

## महानगरले महिला उद्यम ग्राम योजना ल्याउँदै -नगरप्रमुख सिंह

नितेश कर्ण, वीरगंज, १३ पुस/

एकता महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड, वीरगंजको वार्षिक साधारणसभा सम्पन्न भएको छ ।



तस्वीरः सौजन्य

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले वार्षिक साधारणसभाको उद्घाटन गर्दै महिलाद्वारा सञ्चालित सहकारीको कार्यप्रगतिको प्रशंसा गरे । उनले महिला सशक्तीकरण तथा उत्थानका लागि महानगरपालिकाले चाँडै महिला उद्यम ग्राम योजना ल्याउने बताए । उनले संस्था रहेको वडा नं २ मा सार्वजनिक जग्गा भए त्यसमा घर बनाउन सहयोग गर्ने आश्वासन पनि दिए । कार्यक्रममा उपप्रमुख इम्तियाज आलमलगायतको सहभागिता थियो ।

संस्थाकी कोषाध्यक्ष आमना खातुनले हालसम्म ८८ वटा महिला समूह, २२ वटा बाल समूह, एक हजार ४९० जना विशेष शेयर सदस्य, २६६ जना विशेष सदस्य, ३५० जना बाल सदस्य गरी जम्मा दुई हजार १०६ समूह रहेको जानकारी गराइन् । उनले संस्थामा सात किसिमका बचत हुने बताउँदै नियमित बचतमा १ करोड ९९ लाख ९६ हजार १०३, बाल बचतमा ११ लाख २३ हजार २०८, विशेष बचतमा दुई लाख ३६ हजार १८९, ऐच्छिक बचतमा दुई लाख ३९ हजार ९१२, सञ्चयकोष बचतमा दुई लाख ९४ हजार ५८१, स्थानीय बचत पाँच लाख ९६ हजार ५९५, शेयर पूँजीतर्फ ४० लाख ५६ हजार ५०० रहेको जानकारी गराइन् । जगेडा कोष १८ लाख ६५ हजार ७९९, संक्षिप्त पूँजी फिर्ता कोष तीन लाख ४४ हजार ५५० सहकारी प्रवर्धन कोष एक हजार ६९७ रहेको उनले बताइन् ।

संस्थाको बैंक हिसाब १९ करोड ६७ लाख दुई हजार २१६, सदस्य कर्जा तथा सापट तीन करोड १७ लाख ३२ हजार २०१, शेयर लगानी २७ हजार ४०० तथा कुल चलअचल सम्पत्ति तीन करोड ४० लाख ४१ हजार ६९० रहेको उनले बताइन् । संस्थाको सञ्चित मुनाफा दुई लाख ४३ हजार ३३५.७१ रहेको कोषाध्यक्ष खातुनले बताइन् ।

कार्यक्रम संस्थाकी अध्यक्ष मोमिला खातुनको अध्यक्षतामा भएको थियो ।